
हाम्रो गौमुल

स्थानीय पाठ्यक्रम

कक्षा १-८



स्रोत: स्थलरुप नक्सा (स्केल १:२५०००/१:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

गौमुल गाउँपालिका

शिक्षा युवा तथा खेलकुद शाखा

घट्मुना ,बाजुरा

विषय सूचि

१. परिचय

२. नीतिगत आधार

३. औचित्य

४. नतिजा

५. लछित समुह

६. विषयवस्तु

७. निर्माण विधि एवं प्रक्रिया

८. हाम्रो गौमुल परिचय

९. तहगत सक्षमता

१०. कक्षागत सिकाइ उपलब्धि

११. कक्षा १-३ विषय क्षेत्रगत सिकाइ उपलब्धि

१२. विषय वस्तुको विस्तृतीकरण कक्षा १

१३. विषय वस्तुको विस्तृतीकरण कक्षा २

१४. विषय वस्तुको विस्तृतीकरण कक्षा ३

१५. विषयक्षेत्र र क्रम (कक्षा ४-८ सम्म)

१६. विषय वस्तुको विस्तृतीकरण कक्षा ४

१७. विषय वस्तुको विस्तृतीकरण कक्षा ५

१८. विषय वस्तुको विस्तृतीकरण कक्षा ६

१९. विषय वस्तुको विस्तृतीकरण कक्षा ७

२०. विषय वस्तुको विस्तृतीकरण कक्षा ८

२१. सिकाइ सहजीकरण क्रियाकलाप

२२. मूल्याङ्कन प्रक्रिया

२३. अनुसूचिहरु

हाम्रो गौमुल

१. परिचयः

राष्ट्रियस्तरको पाठ्यक्रममा विशेष गरेर अन्तर्राष्ट्रिय रूपमा व्यापकता पाएका तथा राष्ट्रिय आवश्यकताका आधार प्राथमिकतामा परेका विषय वस्तुहरूलाई मुख्य विषयवस्तुका रूपमा समावेश गरिएका हुन्छन् । राष्ट्रिय आवश्यकतालाई सान्दर्भिक रूपमा समावेश गर्न देश भित्रका स्थानीय तहका विशेष र भिन्न विशिष्टता तथा आवश्यकतालाई पनि सम्बोधन गर्न आवश्यक हुन्छ । यसका लागि राष्ट्रिय स्तरमा निर्माण हुने पाठ्यक्रममा मात्र पर्याप्त नहुने भएकाले स्थानीय विषयका रूपमा पाठ्यक्रम तर्जुमा गर्नुपर्दछ । उल्लेखित सन्दर्भलाई मनन गर्दै राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले स्थानीय पाठ्यक्रमका लागि निर्धारण गरेको पाठ्य घण्टालाई मध्य नजर गरी स्थानीय आवश्यकता स्थानीय विषयवस्तु र स्थानीय सहभागिताका आधारमा गौमुल गाउँ पालिकाका लागि यो स्थानीय पाठ्यक्रम तर्जुमा गरिएको छ । यसलेकक्षा १ देखि ८ सम्मका लागि स्थानीय आवश्यकताका विषय वस्तुहरूलाई पाठ्यक्रमको खाकामा विस्तार गरेको छ ।

२. नीतिगत आधारः

शिक्षा नियमावली २०५९ को चौथो संशोधन (२०६६/०५/१७) ले कक्षा १-८ लाई आधारभूत तहको औपचारिक मान्यता दिएको हो । यसकै आधारमा विद्यालय क्षेत्र सुधार योजनाले कक्षा १-८ लाई आधारभूत तहका रूपमा विकसित गर्ने नीतिगत व्यवस्था गरी त्यसलाई कार्यान्वयनमा ल्याएको हो । विद्यालय शिक्षामा मुख्य नीतिगत दस्तावेज राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०६३ ले पनि आधारभूत तहको शैक्षिक संरचना एवम् पाठ्यक्रममा समायोजन गर्ने व्यवस्था गरेको थियो । विद्यालय शिक्षाका दुई मुख्य नीतिगत दस्तावेज विद्यालय शिक्षा विकास योजना र विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले पनि यो व्यवस्थालाई निरन्तरता दिएका छन् । यिनै नीतिगत आधार अनुसार नेपाल सरकारबाट एकीकृत पाठ्यक्रम (कक्षा १-३) को ढाँचा, २०७६ र आधारभूत शिक्षा पाठ्यक्रम, २०७७ (परीक्षण कक्षा ४-८) स्वीकृत भई शैक्षिक वर्ष २०७७ देखि क्रमशः लागु तथा परीक्षण भइरहेका छन् । उक्त संरचनामा भएका व्यवस्था अनुसार स्थानीय विषयको निर्माण स्थानीय तहबाटै सान्दर्भिक हुने देखिन्छ । स्थानीय पाठ्यक्रम वा मातृभाषा मध्ये एक विषय छनोट गरी स्थानीय तहबाट पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्नुपर्ने प्रावधान छ ।

३. औचित्यः

गाउँपालिकाको आवश्यकतालाई सम्बोधन गरी सिकाइलाई व्यावहारिक र प्रभावकारी तुल्याउन, एकस्थान/क्षेत्र/व्यक्तिको ज्ञानलाई अर्को स्थान/क्षेत्र/व्यक्तिमा अनुकरण गरी अनुभव साटासाट गरी आयआर्जन,श्रमप्रति सम्मान, कामप्रति लगाव बढाउन तथा उत्पादनमूलक ज्ञान, सिप, प्रविधिको विस्तार गर्न र स्थानीय तहका कला, संस्कृति, परम्परा, पर्यटकीय क्षेत्र, सिप, भाषा आदिको संरक्षण र संवर्द्धन गर्न यस पाठ्यक्रमले मार्गदर्शन गर्ने छ । स्थानीय कलाकौशल, व्यवसाय, प्राकृतिक सम्पदा तथा संस्कृतिको जानकारी गराइ त्यस अनुरूपको व्यवहार गर्न सक्ने तुल्याउने र स्थानीय ज्ञान, सिप र प्रविधिलाई विश्वव्यापीकरण गर्ने तथा विश्वप्यापी ज्ञान, सिप र प्रविधिलाई स्थानीयकरण गर्न यो पाठ्यक्रम एक माध्यम बन्नेछ । स्थानीय तहमा लुकेर बसेका ज्ञान, सिप र प्रविधिलाई उजागर र प्रवर्धन गरी स्वावलम्बी एवम् आत्मनिर्भर हुने ढङ्गको शिक्षा प्रदान गरी रोजगारोन्मुख नागरिक तयार गर्नु यस पाठ्यक्रमको उद्देश्य रहेको छ ।यो स्थानीय पाठ्यक्रमको

सिद्धान्त बमोजिम तयार गरिएको हो । यसले स्थानीय विषयका अतिरिक्त अनिवार्य सम्बन्धित विषयका तहगत तथा कक्षागत सक्षमता हासिल गर्नका लागि मार्गदर्शन गर्नेछ । साथैयसै पाठ्यक्रमका आधारमा कक्षा १ देखि ८ सम्म अलग अलग पाठ्यपुस्तकहरू तयार गर्न सकिनेछ ।

४. नतिजाः

स्थानीय विषयको पाठ्यक्रमसँगै सम्बन्धित विद्यालयहरूमा स्थानीय विषयवस्तुहरू समेटिएका पाठ्यपुस्तकहरू तयार हुन्छन् । शिक्षकहरूलाई स्थानीय पाठ्यक्रमका विषयवस्तुहरू खोजी गर्ने र आवश्यक सामग्री जुटाउन समय र स्रोतसाधनको बचत हुनेछ । विद्यार्थीहरूलाई आफू र आफ्नो स्थानीय गाउँ, शहर, स्रोतसाधन,भौगोलिक अवस्था, सम्पदा, मौलिक विशेषता, रहनसहन, भेषभूषा, पेसा लगायतका बारेमा जान्नै पर्ने विषय वस्तुहरूका बारेमा जानकारी उपलब्ध हुनेछ । स्थानीय शैक्षिक आवश्यकताका मुद्दाहरूको सम्बोधन हुनेछ । देशको शिक्षा नीति र मूल पाठ्यक्रम बमोजिम शिक्षाको राष्ट्रिय उद्देश्य हासिल गर्न गराउन मद्दत पुग्नेछ । समग्रमा स्थानीय पाठ्यक्रम निर्माणमा **Think globally Act Locally**भन्ने अवधारणा प्रयोगमा ल्याउन सहयोग गर्नेछ ।

५. लक्षित समूहः

यसको पहिलो लक्षित समूह कक्षा १ देखि ८ सम्म अध्ययनरत विद्यार्थीहरू हुनेछन् । दोस्रो लक्षित समूह स्थानीय विषय शिक्षण गर्न तोकिएका विद्यालयका शिक्षकहरू हुनेछन् ।

६. विषयवस्तुः

प्रत्येक गाउँ तथा टोलमा एउटा सानो विश्व लुकेको हुन्छ । एउटै पाठ्यक्रममा सबै विषय वस्तु अटाउन र पठनपाठन गर्न सम्भव हुदैन । यस पाठ्यक्रमले गौमुल गाउँ पालिका क्षेत्रको सेरोफेरोलाई समेटेको छ । त्यसैले गौमुल गाउँ पालिका भित्रका अध्ययन अध्यापन गर्नुपर्ने प्राकृतिक, भौगोलिक, धार्मिक, सांस्कृतिक, सामाजिक,ऐतिहासिक, आर्थिक, स्वास्थ्य तथा सरसफाइ र वातावरणीय क्षेत्रसँग सम्बन्धित ज्ञान, सिप र अभिवृत्तिका पक्षहरूलाई स्थानीय आवश्यकतासँग मध्यनजर गरी आधारभूत तहमा अध्ययनरत बालबालिकाहरूलाई केन्द्रबिन्दु मानेर यो पाठ्यक्रम तयार गरिएको छ । पाठ्यक्रमले मुख्य रूपमा निम्नलिखित विषय क्षेत्रलाई समेटेको छः-

(क) हाम्रो गाउँपालिकाः परिचय, भौगोलिक बनावट, क्षेत्रफल, जनसङ्ख्या, प्राकृतिक सम्पदा, सेवा प्रदायक निकायहरू

(ख) स्थानीय भाषा, चाडपर्व, भेषभूषा, कला र संस्कृति र सामाजिक मूल्यमान्यताहरु

(ग) स्थानीय पेसा व्यवसाय र स्थानीय प्रविधिः पेसा तथा व्यवसाय, उद्योग, प्रविधिहरू

(घ) धार्मिक तथा पर्यटकीय स्थलहरू, ऐतिहासिक व्यक्तित्वहरू

(ङ) स्वास्थ्य सरसफाइ तथा खेलकुदः योग र शारीरिक व्यायाम, सरसफाइ, स्थानीय खेल

(च) सामाजिक कुरीतिहरू (छाउपडी, छुवाछुत, लागु बोक्सी, झारफुक)

(छ) प्राकृतिक प्रकोप तथावातावरणीय विपद र वातावरण संरक्षणका उपायहरु (पहिरो, आगलागी, जङ्गली जनावरको आक्रमण,असिनापानी, हावाहुरी,चट्याङ, बाढी, भिरबाट खस्ने, रुखबाट खस्ने, भूकम्प), (वृक्षारोपण, फुलबारी, हरित विद्यालय, प्रकोप नियन्त्रणका उपायहरू, मुहान संरक्षण, रिचार्ज पोखरी)

७. निर्माण विधि एवम् प्रकियाः

स्थानीय पाठ्यक्रम तर्जुमा तथा सम्पादन प्रकियालाई विभिन्न चरणमा सम्पन्न गरिएको थियो । सर्वप्रथमयस गाउँपालिकाका शिक्षकहरू, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ,अभिभावकहरू, स्थानीय मौलिक संस्कृतिका जानकारहरू, स्थानीय जनप्रतिनिधिहरू, शिक्षाप्रेमी, बुद्धिजीवी ,शिक्षा क्षेत्रमा कार्यरत विभिन्न सङ्गसंस्थाका प्रतिनिधिहरू, शिक्षक सङ्ग सङ्गठनका प्रतिनिधिहरूल लगायतका स्थानीय सरोकारवालाहरूसँग स्थानीय पाठ्यक्रम निर्माण सम्बन्धि कार्यशालाको आयोजना गरिएको थियो । दोस्रो चरणमा स्थानीय पाठ्यक्रमका तहगत उद्देश्यहरू तथा सक्षमता निर्धारण, विषयवस्तुको छनोट, कक्षागत सिकाइ उपलब्धि निर्धारण, शिक्षण विधि र प्रकिया, मूल्याङ्कन, पाठ्यभार र पाठ्यक्रमको विस्तृतीकरण जस्ता विषयवस्तु समावेशका लागि मस्यौदा लेखन समिति निर्माण गरिएको थियो भने तेस्रो चरणमा स्थानीय पाठ्यक्रमको मस्यौदा माथि छलफल गरि सुझाव सङ्कलन गर्नका लागि विषय विज्ञहरूबाट पाठ्यक्रमको अनुमोदन गरिएको थियो ।

अन्त्यमा प्राप्त सुझावहरूलाई समावेश गरी पाठ्यक्रमको निर्माण कार्य सम्पन्न गरी गाउँपालिकाबाट अनुमोदन गर्नका लागि पेश गरिएको थियो । यसरी पेश भएको स्थानीय पाठ्यक्रमलाई गाउँ कार्यपालिकाको बैठकले स्वीकृत गरेपश्चात यो पाठ्यक्रम प्रकाशनमा ल्याइएको हो ।

हाम्रो गौमुल सेरोफेरो
आधारभूत तहको स्थानीय विषयको पाठ्यक्रम
(कक्षा १—८)

१. परिचयः

स्थानीय तहका लागि उपयोगी परम्परा, संस्कृति, रीतिरिवाज, स्थानीय सम्पदा, चाडपर्व, सामाजिक व्यवहार, पेसा, व्यवसाय, वातावरण संरक्षण, आर्थिक गतिविधि, स्थानीय प्रविधि लगायतका विषय वस्तुहरूलाई स्थानीय पाठ्यक्रमका मुख्य विषयक्षेत्रका रूपमा लिइन्छ । यसर्थ गौमुल गाउँपालिकासँग सम्बन्धित विषयवस्तुमा जानकार बनाउँदै स्थानीय प्राकृतिक, सांस्कृतिक, सामाजिक, आर्थिक, जैविक तथा व्यावहारिक ज्ञान,सिप, स्रोत र सम्पदाको संरक्षण गर्न एवम् त्यस्तो स्रोत र सिप भावी पुस्तालाई हस्तान्तरण गर्नका लागि गाउँपालिका स्तरमा लागु गर्ने प्रयोजनार्थ यो पाठ्यक्रम विकास गरिएको हो । उल्लेखित विषयक्षेत्र र अन्यसान्दर्भिक विषयवस्तुका आधारमा औपचारिक शिक्षामा आफू र आफ्नो परिवेशलाई मनन गर्दै सिकाइका लागि उपयोग गर्ने तथा विश्वव्यापीकरणको युगमा आफूलाई आफ्नै परिवेश भित्रको अब्बल ज्ञानसहित प्रतिस्पर्धात्मक बजारमा जोड्ने क्षमताको विकासका लागि विकेन्द्रित पाठ्यक्रमका रूपमा यो स्थानीय पाठ्यक्रम विकास गरिएको हो । यसकारण यस पाठ्यक्रमले स्थानीय सरोकारवालाको सहभागितालाई सुनिश्चितताका साथमा स्थानीय विज्ञता, मौलिकता र ज्ञानलाई समेत विशेष रूपमा महत्व दिँदै विद्यालय तहका लागि अत्यावश्यक शैक्षिक पूर्वाधारलाई प्राथमिकीकरण गरेको हो ।

हाम्रो गौमुल गाउँ पालिकाका लागि स्थानीय विषयको पाठ्यक्रम विकास गर्दा विद्यालय शिक्षासँग सम्बन्धित विभिन्न दस्तावेजलाई अध्ययन तथा विश्लेषण गरिएको छ । यसर्थ स्थानीय पाठ्यक्रम प्रारूप, २०७१ विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६, स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन, २०७६तथा विद्यालय शिक्षाको आधारभूत तहको पाठ्यक्रम ढाँचामा समावेश भएको स्थानीय विषयको प्रावधान समेतलाई आत्मसात गर्दै आधारभूत तहको कक्षा १ देखि ८ सम्मका लागि स्थानीय विषयको पाठ्यक्रम निर्माण गरिएको हो । यस पाठ्यक्रममा निर्धारित विषयवस्तुका सैद्धान्तिक तथा प्रयोगात्मक पक्षको सिकाइ गर्न विद्यार्थी केन्द्रित सिकाइ सहजीकरण विधि तथा प्रकियामा जोड दिइएको छ । यसबाट विषयवस्तुमा आधारित भइ प्रयोगात्मक अभ्यास, स्थलगत अध्ययन भ्रमण, खोजमूलक निरन्तर सिकाइ, सिकाइ र मूल्याङ्कन पद्धतिलाई प्रयोगात्मकर खोजमूलक बनाउन सहज हुने अपेक्षा गरिएको छ ।यस पाठ्यक्रमले ज्ञान,सिप तथा अभिवृत्तिमा जोड दिई विषयको अध्ययनलाई व्यावहारिक र प्रयोगात्मक बनाउने प्रयास गरेको छ साथै यस पाठ्यक्रमलाई अनिवार्य विषयको समकक्षी विषयका रूपमा सान्दर्भिक पाठ्यवस्तुको छनोट एवम् स्तरीकरण पनि गरिएको छ । विद्यार्थीको संज्ञानात्मक क्षमता,स्तर र समसामयिक सन्दर्भ जस्ता पक्षमा जोड दिँदै विषयवस्तुका आधारमा पाठ्य सामग्रीगत विविधता र एकीकरण गर्न सक्ने गरी यो पाठ्यक्रम निर्माण गरिएको छ । यसबाट विषयवस्तुको अवधारणा विकास,अभ्यास र निरन्तर सिकाइ तथा मूल्याङ्कन बिचको सन्तुलन गर्न सहजता प्राप्त हुने अपेक्षा राखिएको छ ।

यस क्रममा पाठ्यक्रम विकासको विषयगत औचित्य, पाठ्यक्रममा रहेका मुख्य विशेषता तथा पाठ्यक्रमको स्वरूपलाई समेटी परिचय, विषयगत रूपमा अपेक्षित ज्ञान, सिप, अभिवृत्ति, मूल्य र कार्य तत्परतालाई समेटी त्यसको क्रियात्मक स्वरूपमा सक्षमता, सिकाइको स्तर र सक्षमताको विशिष्टीकृत विस्तृतीकरण गरीसिकाइ उपलब्धि, सक्षमता, सिकाइ उपलब्धि एवम् अघिल्ला कक्षासँग लम्बीय सन्तुलनका आधारमा विषयवस्तुको क्षेत्र र क्रम, विषयगत विशिष्टपन र मौलिकतालाई समेटी सिकाइ सहजीकरणका विधि

तथा प्रकिया एवम् निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कनका विधि तथा प्रकिया उल्लेख गरी विद्यार्थी मूल्याङ्कनलाई व्यवस्थित गरिएको छ ।

२. तहगत सक्षमताः

आधारभूत तह (कक्षा १—८) मा स्थानीय पाठ्यक्रममा आधारित पाठ्यवस्तुको अध्ययन पूरा गरेपछि बालबालिकामा देहायका सक्षमता विकास हुने अपेक्षा गरिएको छः

१. गौमुल गाउँ पालिकाका वडागत अवस्थिति, सामाजिक एवम् सांस्कृतिक पक्षको बोध र सिकाइका क्रममा तिनको उपयोग गर्न,
२. गौमुल गाउँ पालिकाका भित्रको स्थानीय प्राकृतिक स्रोतसाधन र ऐतिहासिक एवम् सांस्कृतिक सम्पदाहरूको अवलोकन, जानकारी सङ्कलन र प्रचारप्रसार गर्न,
३. गौमुल गाउँ पालिकाका मा प्रचलित संस्कार, कला तथा लोक संस्कृति एवम् विशेष कार्यको बोध गरी आवश्यकतानुसार सहभागिता गराउन,
४. स्थानीय बालि, चराचुरुङ्गी, जनावर, खाद्यपरिकार, पहिरन, संस्कार, पेसा, व्यवसाय र उद्योगलाई बढावा र प्रचारप्रसार गर्न,
५. स्थानीय सम्पदा, पर्यटकीय स्थल र कला संस्कृतिको संरक्षण तथा संवर्धनमा सहयोग गर्न,
६. स्वास्थ्यसम्बन्धी सचेतना सहित स्वव्यवहार प्रदर्शन गर्न,
७. स्थानीय तहको विपद्का सूचना आदानप्रदान र तिनबाट बच्ने उपाय अवलम्बन गरी दुर्घटनाबाट बच्न,

३. कक्षागत सिकाइ उपलब्धि

कक्षा १

१. स्थानीय भाषामा आफ्नो र परिवारको नाम, संख्यार नाताभन्न,
२. हात धुन, कपडा धुन, दाँत माझ्न प्रयोग गरिने स्थानीय वस्तुको नाम भन्न
३. स्थानीय खेलको नाम भन्न र खेल्न
४. आफ्नो टोल छिमेकमा बसोबास गर्ने मानिसहरुको थर बताउन
५. गाउँ टोलको अवस्थितिबारे जानकारी लिन
६. सामान्य दुर्घटना र यसबाट बच्ने उपायहरु बताउन
७. परिवारले मनाउने चाडको नाम बताउन र समुदायमा रहेका लोक बाजाको नाम भन्न
८. परिवारले पकाउने खानाका परिकार र गरगहनाका नाम भन्न
९. आफ्नो घरभित्रका संस्कार तथा चालचलनहरूपहिचान गर्न रभन्न
१०. वरपरको वातावरणको सामान्य परिचय दिन
११. स्थानीय बालि, तरकारी, जनावर र चराहरु चिन्न
१२. आफू र आमाबुबाले गर्ने काम बताउन
१३. आफ्नो घरमा प्रयोग गरिने वस्तुहरुको नाम बताउन

कक्षा २

१. स्थानीय भाषामा आफ्नो र परिवारको नाम, संख्या र नाताबाद शब्दको परिचय दिन
२. हात धुन, कपडा धुन, दाँत माझ्न प्रयोग गरिने स्थानीय वस्तुको परिचय दिएर लेख्न
३. स्थानीय खेलको अभ्यास गर्न
४. आफ्नो टोल छिमेकमा बसोबास गर्ने जातजातिको सूचि बनाउन
५. गाउँ टोल वडाको भौगोलिक अवस्थाको जानकारी दिन
६.गाउँ घरमा आइपर्ने प्रकोपको सूचि बनाउन
७.आगलागी चोटपटक तथा अन्य समस्याका सजकता अपनाउन
८. परिवारले मनाउने चाडपर्व र विभिन्न अवसर अनुसार लगाइने लुगाको सूचि तयार गर्न
९. परिवारले पकाउने खानाका परिकार र गरगहनाको परिचय दिन
१०. आफ्नो घरभित्रका संस्कार तथा चालचलनहरूपहिचान गर्न रलेख्न
११. वरपरको वातावरण नदि, वनजङ्गल, गुफा, देवल ,दरवारहरुको परिचय दिन
१२. स्थानीय बालि, तरकारी, जनावर र चराहरुको परिचय दिन
१३. आफू र आफ्नो घरका सदस्यले गर्ने काम उल्लेख गर्न
१४.स्थानिय हस्तकलाका वस्तुहरु पहिचान गर्न

कक्षा ३

१. स्थानीय भाषामा आफ्नो र परिवारको नाम, संख्या र नाताबाद शब्दको सूचि तयार गर्न
२. स्थानीय स्तरमा पाइने सरसफाइका सामानहरु प्रयोग गर्ने विधि बताउन
३. शिक्षकको निर्देशनमा स्थानीय खेलको अभ्यास गर्न
४. आफ्नो टोल छिमेकको महत्व र आवश्यकताको सूचि बनाउन
५. आफ्नो पालिकाको भौगोलिक अवस्थाको जानकारी दिन
६. प्राकृतिक विपदको परिचय दिन
७.आफ्नो घर टोल र गाउँ नजिक रहेका जडिबुटीको नाम बताउन
८. परिवारले मनाउने चाडपर्व र विभिन्न अवसर अनुसार लगाइने लुगाको परिचय दिन
९. परिवारले पकाउने खानाका परिकार र गरगहनाको परिचय दिन
१०. आफ्नो पालिकाभित्रका संस्कार तथा चालचलनहरूपहिचान गर्न र लेख्न
११. आफ्नो पालिकाभित्रका वातावरण नदि, वनजङ्गल, गुफा, देवल ,दरवारहरुको परिचय दिन
१२. स्थानीय स्तरमा उत्पादन हुने हिउदे र वर्षे तरकारी फलफूल र अन्न बाली को परिचय दिन
१३.**आ**फनो समुदायमा भएका जनावरको नाम र त्यसका फाइदा बताउन
१४. गाउँ टोलका मानिसले गर्ने कामहरुको सूचि बनाउन
१५. स्थानीय हस्तकलाका वस्तुहरु निर्माण गर्न आवश्यक पर्ने सामग्रीको सूचि बनाउन

कक्षा ४

१. आफ्नो गाउँपालिकाको स्थापना मिति र नामाकरणबारे बताउन
२. गाउँपालिकाभित्र बसोबास गर्ने जातजातिहरूको सूची बनाउन
३. आफ्नो वडामा मनाइने चाडपर्वहरुको नाम भन्न र लेख्न
४. वडामा रहेका कला र संस्कृतिको नाम बताउन
५. कला र संस्कृतिका फाइदा प्रस्तुत गर्न
६. उद्योगको अर्थ र प्रकार बताउन
७. वडाभित्र रहेको घरेलुउद्योगहरू पहिचान गर्न र तिनका उत्पादन भन्न
८. आफ्नो वडामा भएका धार्मिक स्थलहरूको नाम भन्न र लेख्न
९. वडाको सामाजिक क्षेत्रमा नाम चलेका सामाजिक व्यक्तिहरू र तिनको योगदान प्रस्तुत गर्न
१०. खानेकुराको सरफाइमा ध्यान दिनुपर्ने कुराहरूको सूची बनाउन
११. घर तथा कक्षाकोठाको दैनिक सरसफाइ गर्न
१२. शारीरिक स्वस्थताका लागि सरल व्यायामहरूको अभ्यास गर्न
१३. आफ्नो समाज र गाउँतिर रहेका राम्रा तथा नराम्रा चालचलनहरू छुट्याउन
१४. गाउँघरमा आउन सक्ने प्रकोपको नाम भन्न र पहिरो तथा आगलागीका कारणहरू बताउन
१५. हरित विद्यालय बनाउनका लागि गर्नुपर्ने कार्यहरू प्रस्तुत गर्न

कक्षा ५

१. गाउँपालिकाको भौगोलिक बनावट (औल, मध्य र लेक) का बारेमा बताउन
२. उचाइ अनुसार तापक्रमको गिरावट र उब्जनी हुने क्षेत्रका बारेमा वर्णन गर्न
३. समुदायमा प्रचलित कला र संस्कृतिको नाम बताउन
४. वडाभित्र रहेका प्राकृतिक सम्पदा (जल, स्थल तथा जङ्गल) बारेमा सूची बनाइ स्वरूप प्रस्तुत गर्न
५. वडा तथा गाउँमा मनाइने चाडपर्व र खाद्य परिकारका विशेषता भन्न र लेख्न
६. गायन तथा अन्य मनोरन्जनका क्रममा स्थानीय लोकगीत तथा लोकबाजाको उपयोग गर्न
७. स्थानीय स्तरमा गरिएका पेसा तथा व्यवसायको पहिचान गरी तिनको नाम भन्न
८. कुनै पाँचओटा स्थानीय प्रविधिका बारेमा बताउन
९. धार्मिक, ऐतिहासिक स्थल र व्यक्तित्वहरूको सूची बनाउन
१०. योगको परिभाषा दिन र स्थानीय तहमा प्रचलित केहीसरल योगासन गर्न
११. स्थानीय स्तरमा खेलिने खेल तथा खेल्ने तरिका र नियम भन्न
१२. हाम्रो गाउँघरतथा वडाभित्रका कुरीति पहिचान गर्न
१३. कुरीतिलाई निरन्तरता दिँदा समाजमा पर्ने नराम्रा प्रभाव प्रस्तुत गर्न
१४. प्रकोपर जोखिम भिन्नता प्रस्तुत गर्न
१५. स्थानीय तहमा अवलम्बन गर्ने गरिएका जोखिम न्यूनीकरणका उपायहरुको सूची निर्माण गर्न
१६. वृक्षारोपण र हरित विद्यालयबाट वातावरण प्रदूषण रोक्नसहयोग गर्न

कक्षा ६

१. गौमुल गाउँपालिकाको घरधुरी र जनसङ्ख्या बताउन
२. गौमुल गाउँपालिकाको नक्सा बनाउन
३. गौमुल गाउँपालिकाको क्षेत्रफल प्रस्तुत गर्न
४. गौमुल गाउँपालिकामा मनाइनेचाडपर्वहरूका फाइदाको सूची निर्माण गर्न
५. कला र संस्कृतिको परिचय बताउन
६. स्थानीय परिकारको सूची तयार गर्न
७. स्थानीय प्रविधिहरूको पहिचान र कामको वर्णन गर्न
८. गाउँपालिकाका मुख्य धार्मिक स्थलहरूको परिचय दिन
९.गाउँपालिकाका ऐतिहासिक व्यक्तिहरूको सूची तयार पारी मुख्य मुख्य काम बताउन
१०. स्वास्थ र सन्तुलित आहारका लागि आवश्यक पर्ने छओटा तत्त्वहरूको नाम बताउन
११. कुनै तीनओटा प्रणायाम गर्न
१२. कुनै चारओटा योगका आसनहरू गर्न
१३. हाम्रा सामाजिक कुरीतिहरूको पहिचान गर्न
१४. सामाजिक कुरीतिहरूको अन्त्यका लागि गर्नुपर्ने कुनै दुईओटा महत्त्वपूर्ण कार्यहरू बताउन
१५. स्थानीय स्तरमा सम्भावित मुख्य पाँचओटा प्रकोप जोखिमको नाम बताउन
१६. प्रकोप जोखिम न्यूनीकरणका उपायहरू बताउन

कक्षा ७

१. गाउँपालिका भित्र रहेका वडाहरुको नक्सा तयार गर्न
२.गाउँपालिकामा पाइने प्राकृतिक सम्पदाको पहिचान गर्न
३. प्राकृतिक सम्पदा संरक्षणका उपायहरू बताउन
४. स्थानीय परिकार बनाउने तरिका बताउन
५. स्थानीय संस्कृतिको परिचय दिन
६. स्थानीय संस्कृति झल्किने कथा, सन्दर्भ वा घटनामा आधारित भई भूमिका अभिनय गर्न
७. स्थानीयरूपमा सम्भावना भएका पेसा व्यवसायको पहिचान गर्न
८. गाउँपालिकाका मुख्य धार्मिक स्थलहरूको परिचय दिन
९. धार्मिक स्थलबारे लेख,रचना प्रकाशन, विद्युतीय सामग्री निर्माण र सामाजिक सञ्जालमार्फत प्रचारप्रसार गर्न
१०. गाउँपालिकाका ऐतिहासिक व्यक्तिहरूको सूची तयार गर्न
११. व्यायाम र ध्यानको तुलनात्मक विश्लेषण गर्न
१२. अष्टासनको अभ्यास गर्न
१३. स्थानीय सामाजिक कुरीतिहरूले समाजमा परेको प्रभावहरू पहिचान गर्न
१४. सामाजिक कुरीतिहरूको न्यूनीकरणका लागि आफ्नो भूमिका पहिचान गर्न
१५. विपद् जोखिमवाट बच्ने उपायहरुको अवलम्बन गर्न

कक्षा ८

१. गाउँपालिकाको स्थापना, नामकरण र भौगोलिक बनोटसहितको परिचय दिन

२. गाउँपालिकामा पाइने प्राकृतिक सम्पदाको महत्त्व बताउन

३. गाउँपालिकाअन्तर्गत कार्यरत सार्वजनिक सेवा प्रदायक र उनीहरूले दिने सेवाका बारेमा बताउन

४. स्थानीय कला संस्कृति र चाडपर्वको महत्त्वबताई संवर्धनका उपायहरू बताउन

५. प्रचलित स्थानीय खेल तथा प्रमुख स्थानीय सांस्कृतिक खेलहरू खेल्न

६. स्थानीय रूपमा सम्भावना भएका पेसा व्यवसायको सूची निर्माण गरी मुख्य मुख्य उत्पादनको वर्णन गर्न गर्न

७. स्थानीय प्रविधिको महत्त्व दर्साउन

८. उद्योग, फर्म र व्यवसाय दर्ता गर्ने निकाय र सामान्य प्रकिया बताउन

९. गाउँ पालिकाका मुख्य धार्मिक स्थलहरूको विशेषता वर्णन गर्न

१०. सन्तुलित तथा पोषणका लागि आवश्यक तत्त्व र ती तत्वहरु पाइने स्थानीय खानाका स्रोतहरू बताउन

११. व्यायाम, ध्यान र आसनको अभ्यास गर्न

१२. हाम्रा सामाजिक कुरीतिहरूले समाजमा परेको प्रभावहरू पहिचान गर्न

१३. सामाजिक कुरीतिहरूको न्यूनीकरणका लागि सामाजिक सङ्गसंस्थाहरूको भूमिका बताउन

१४. विपद् जोखिमबाट बच्ने उपायहरुको अवलम्बन गर्न

१५. विपद् व्यवस्थापनसँग सम्बन्धित स्थानीय सङ्गसंस्थाको पहिचान गर्न

१६. विद्यालय सुरक्षा योजनाको महत्त्व बताउन

३. प्रत्येक कक्षाको विषय क्षेत्रगतसिकाई उपलब्धी

सि.नं	विषय क्षेत्र (थिम)	कक्षा १	कक्षा २	कक्षा ३
१	म र मेरो परिवार	1 स्थानीय भाषामा आफ्नो परिचय दिन 2 आफ्नो परिवारमा बोलिने नातागत शब्दहरू बताउन 3 स्थानीय आदरार्थी शब्द उच्चारण गर्न 4 दर्शन/ढोग तथा आर्शिवाद र शिष्टाचार दिएको अभिनय गर्न 5 आफ्नो परिवारमा मनाएका संस्कारको नाम बताउन 6 आफ्नो परिवारमा मनाउने संस्कारहरु मनाउने सामान्य तरिका बताउन	1 आफ्नो र परिवारका सदस्यहरूको स्थानीय भाषामा नातागतशब्द प्रयोग गरी परिचय दिन 2 आफ्नो परिवार र समुदायमा बोलिने नातागत शब्दहरूको सूची बनाउन 3 स्थानीय आदरार्थी शब्दको सूची बनाउन 4 आफ्नो छरछिमेकमा गरिने कुनै चार वटा मुख्य संस्कारको नाम भन्न	1 समुदायमा रहेको विभिन्न जातजातिहरूमा बोलिने नातागत सम्बन्ध अनुसारका शब्दको सूची बनाउन 2 घरका व्यक्ति र पाहुनाहरूलाई आदरार्थी शब्द प्रयोग गरेर व्यवहार प्रदर्शन गर्न 3 आफ्नो समुदायमा गरिने विभिन्न संस्कारहरूको परिचय दिन र उक्त संस्कारमा सहभागी हुन 4 मनाउने संस्कारहरूको सूची बनाइ संस्कारका नाम बताउन र सामान्य परिचय बताउन
२	मेरो दैनिक जीवन	7 हात धुन प्रयोग गरिने स्थानीय वस्तुहरूको नाम बताउन 8 लुगा धुन प्रयोग स्थानीय वस्तुहरूको नाम भन्न 9 दाँत माइन कपाल सफा गर्न प्रयोग गरिने स्थानीय वस्तुहरूको नाम भन्न 10 शरिरलाई विभिन्न दिशामा तन्काउन र झुकाउन 11 योगको चार वटा नाम बताउन 12 गाउँघरमा खेलिने विभिन्न खेलका नाम	5 दाँत माझने सामग्रीहरूको परिचय दिन 6 लुगा धुने सामग्रीहरूको परिचय दिन 7 योगका सामान्य आसनहरूको अभ्यास गर्न 8 विद्यालयमा गरिने कवाजका मियमहरूको पालना गरि कवाजको सामान्य अभ्यास गर्न 9 शिक्षकको निर्देशनमा स्थानीय खेलहरूको अभ्यास गर्न	5 स्थानीय स्तरमा पाइने सरसफाइका सामानहरूको प्रयोग विधि बताउन 6 योगको परिचय दिन 7 विद्यालयमा गरिने कवाजका नियमहरू पालना गरि कवाज गर्न 8 शिक्षकको निर्देशनबिना स्थानीय खेलहरू खेल्न

		बताउन 13 स्थानीय खेलहरूको सामान्य अभ्यास गर्न		
३	हाम्रो समुदाय	14 आफ्नो टोल छिमेकमा बसोबास गर्ने मानिसहरूको थर बताउन 15 आफ्नो छिमेकी र परिवारको नाम बताउन 16 आफ्ना गाउँघरमा सामाजिक काम गरेका विशिष्ट व्यक्तिको नाम बताउन	10 आफ्नो टोल छिमेकमा बसोबास गर्ने जातजातिको सूची बनाउन 11 आफ्नो बसोबास गर्ने गाउँ टोलको परिचय दिन 12 गाउँपालिका नाम, वडा संख्या र आफू बस्ने वडाको नाम बताउन 13 समुदायको परिचय दिन 14 आफ्नो गाउँ, टोल र वडाका सामाजिक काम गरेका विशिष्ट व्यक्तिको नाम बताउन	9 आफ्नो टोल, छिमेकमा बसोबास गर्ने जातजातिको परिचय दिन 10 आफ्नो बसोबास गर्ने वडाको परिचय दिन 11 गाउँपालिकाको अवस्थिति र छेत्रफल भन्न र लेख्न 12 छरछिमेकीको महत्व र आवश्यकताको सूची बनाउन 13 समाज सुधारको लागि काम गरेका व्यक्तिको योगदान उल्लेख गर्न
४	हाम्रो वातावरण	17 गाउँ टोलको अवस्थितिबारे जानकारी 18 सामान्य दुर्घटना र यसबाट बच्ने सुरक्षाका उपायहरू बताउन 19 घरायसी औजारको नाम बताउन 20 भान्सामा प्रयोग गरिने उपयोगी मसलाको नाम बताउन	15 आफ्नो वडाको भौगोलिक अवस्थाको बारेमा जानकारी दिन 16 आफ्नो वडाको नाम सहित सामान्य जानकारी दिन 17 गाउँघरमा आइपर्ने प्रकोपको सूची बताउन 18 आगलागी, चोटपटक तथा अन्य समस्याका बारेमा सजकता अपनाउन 19 आफ्नो घर, टोल र गाउँ नजिक रहेका वनमा पाइने परिचित जडिबुटीहरूको नाम बताउन	14 आफ्नो पालिकाको भौगोलिक जानकारी दिन 15 आफ्नो पालिकामा रहेका वडा संख्या र छिमेकी वडाको नाम लेख्न र बताउन 16 प्राकृतिक विपद्को परिचय दिन 17 स्थानीय स्तरमा आइपर्ने प्राकृतिक प्रकोप र सुरक्षाका उपायहरू उल्लेख गर्न 18 आफ्नो घर, टोल र गाउँ नजिक रहेका वनमा पाइने परिचित जडिबुटी तथा वनपैदावरहरूको नाम बताउन र पहिचान गर्न 19 स्थानीय स्तरमा पाइने जडिबुटीहरूको फाइदा बताउन

५	हाम्रो संस्कृति	21 परिवारले मनाउने चाडको नाम बताउन 22 चाडपर्व र विभिन्न अवसर अनुसार लगाइने लुगाको नाम र रंगको नाम भन्न 23 समुदायमा रहेका लोक बाजाको नाम भन्न 24 परिवारले पकाउने खानाका परिकारको नाम भन्न 25 परिवारका सदस्यले प्रयोग गर्ने गरगहनाको पहिचान गर्न	20 समुदायले मनाउने चाडपर्वहरूको सूची तयार गर्न 21 चाडपर्व र विभिन्न अवसर अनुसार लगाइने लुगा पहिरनको सूची तयार गर्न 22 समुदायमा रहेका बाजा हरू बजाउने अभ्यास गर्न 23 परिवारले पकाउने खाना परिकारहरूको सूची तयार गर्न 24 परिवारका सदस्यले विभिन्न अवसरमा प्रयोग गर्ने गरगहनाको पहिचान गर्न	20 समुदायले मनाउने मुख्य मुख्य चाडपर्वहरूको परिचय दिन 21 चाडपर्व विभिन्न अवसर अनुसारका लगाइने लुगाको परिचय दिन र अभ्यास गर्न 22 समुदायमा रहेका लोक बाजाहरूको परिचय दिइ सामान्य अभ्यास गर्न, चित्र बनाउन 23 चाडपर्वमा पकाइने खाना परिकारहरूको सुची तयार गर्न 24 मुख्य गरगहनाको परिचय दिन
६	हाम्रो वरपरको संसार	26 आफ्नो गाउँटोल भित्रका पूजा गर्ने ठाउँहरूको नाम भन्न 27 आफ्नो समुदाय वरिपरि रहेका वन, जंगल, नदी तालहरूको नाम बताउन 28 आफ्नो समुदाय वरिपरि रहेका गुफा, देवल र दरवारहरूको नाम बताउन	25 आफ्नो वडा भित्रका पूजा गर्ने ठाउँहरूको सूची बताउन 26 आफ्नो वडाभित्र समुदाय वरिपरि रहेका वन, जंगल, नदी तालहरूको सुची बताउन 27 आफ्नो वडाभित्र रहेका गुफा, देवल र दरवारहरूको सुची बताउन	25 आफ्नो पालिका भित्रका मुख्य धार्मिक स्थलहरूको परिचय दिन 26 आफ्नो पालिका भित्र रहेका सामुदायिक वन, जंगल तथा नदी तालहरूको परिचय बताउन 27 आफ्नो पालिका भित्रा रहेका गुफा, देवल र दरवारहरूको परिचय सहित चित्र कोर्न
७	फलफुल, तरकारी र अन्नबाली	29 आफ्नो गाउँघरमा पाइने फलफुलहरूको नाम भन्न 30 आफ्नो गाउँघरमा पाइने अन्नबालीहरूको नाम बताउन 31 आफ्नो घरमा पकाइने तरकारीहरूको नाम बताउन	28 आफ्नो घर तथा छिमेकमा पकाइने फलफुलको सूची तयार गर्न 29 आफ्नो गाउँघरमा लगाइने अन्नबालीहरूको नाम लेख्न 30 आफ्नो गाउँघरमा लगाइने तरकारीहरूको सूची बनाउन 31 आफ्नो गाउँघरमा लगाइने तरकारीहरूको परिचय दिन	28 स्थानीय स्तरमा उत्पादन हुने हिउँदे र बर्षे फलफुलहरूको सुचि तयार गर्न 29 आफ्नो गाउँघरमा लगाइने रैथाने अन्नबालीहरूको परिचय दिन 30 आफ्नो गाउँ टोलमा लगाइने तरकारीहरूको बर्गिकरण (हिउँदे र बर्षे) गर्न 31 स्थानीय स्तरमा पाइने हरियो सागपात र

				पहँला फलफुलहरूको फाइदा बताउन
८	चरा र जनावर	32 आफ्नो घरमा पालिने जनावरको नाम बताउन 33 आफ्नो गाउँमा पाइने चराको नाम बताउन	32 आफ्नो गाउँघरमा पालिने जनावरको नाम बताउन 33 आफ्नो समुदाय भएका चराचुरुङ्गीहरूको तयार पार्न	32 आफ्नो समुदायमा भएका जनावरको नाम र त्यसका फाइदा बताउन 33 आफ्नो गाउँघरमा पाइने चराचुरुङ्गीहरूको नाम, रंग र आकार बताउन, चित्र कोर्न 34 स्थानीय स्तरमा रहेका घरपालुवा र जंगली जनावर छुट्याउन
९	हाम्रा क्रियाकलाप	34 आफू र आमाबुबाले गर्ने काम बताउन 35 आफ्नो परिवारका सदस्यहरू बिरामी हुँदा घरमै गरिने उपचारका क्रियाकलाप बताउन 36 आफ्नो घरमा विभिन्न काममा प्रयोग हुने वस्तुहरूको नाम बताउन	34 आफ्नो घरका सदस्यहरूले गर्ने काम उल्लेखगर्न 35 लक्षण अनुसार घरमै गरिने उपचारका क्रियाकलाप बताउन 36 स्थानीय हस्तकलाका बस्तुहरू पहिचान गर्न	35 गाउँ टोलका मानिसहरूले गर्ने कामहरूको सूची तयार गर्न 36 रोग अनुसारका उपचारात्मक सामग्रीको सूची बनाउन 37 उपचारका लागि चाहिने सामान्य विधि उल्लेख गर्न 38 हस्तकलाका बस्तुहरू निर्माण गर्न आवश्यक पर्ने सामग्रीहरूको सूची बनाउन

४. सिकाइ उपलब्धी अनुसार विषयबस्तुको विस्तृतिकरण

- कक्षा १						
विषय क्षेत्र (थिम)	सिकाइ उपलब्धी	विषयवस्तुको विस्तृतिकरण	शिक्षण सिकाइ क्रियाकलाप	शैक्षणिक सामग्री	मूल्याङ्कन	कार्यघण्टा
म र मेरो परिवार	- स्थानीय भाषामा आफ्नो परिचय दिन	- मेरो परिवार नाम, थर,टोल	- सर्वप्रथम शिक्षकले आफ्नो परिचय दिने। - साथै चित्र प्रदर्शन गर्दै परिचय दिने। - परिचय दिने क्रममा विद्यार्थीहरूलाई समस्या हुदा निम्नानुसारका प्रश्न गर्न सकिने छ: - तपाइको नाम के हो ? - तपाइको थर (जात) के हो ? - तपाइ कुन टोलमा बस्नुहुन्छ ?	परिचय सोधेको र परिचय दिएको झल्किने चित्र	- विद्यार्थीहरूलाई निम्नानुसारका प्रश्नहरू गरि मूल्यांकन गर्ने: हजुरको नाम के हो?तपाई कुन टोलमा वस्नुहुन्छ?	१५
	- आफुभन्दा ठुलालाई ढोग दर्सन गर्न - दर्सन/ढोग गर्दा आशिर्वाद दिएको अभिनय गर्न	- स्थानीय आदरार्थी शब्दहरू: ढोग, दर्सन, बाचिरहे, हजुर, तपाई, तमी, धक्या भइ, जध्धेउ	- विद्यार्थीहरूलाई विभिन्न समुहमा विभाजन गरेर बुवा आमा दाजु, दिदी र म भनि छुट्याउने र नातागतरुपमा आदर तथा ढोग दर्शनभेट गर्न लगाइ अभिनय गर्न लगाउने। आवश्यकता अनुसार शिक्षकले निर्देशन गर्ने।	ढोग, दर्शन गरेको चित्र	- दर्शन, ढोग गरेको र आशिर्वाद दिएको अवलोकन गर्ने	

	- आफ्नो परिवारमा गरिने संस्कारको नाम बताउन	- आफ्नो पारिवारिक संस्कार: न्वारन, वर्तवन्ध, विवाह, मृत्यू	- प्रश्न उत्तर विधिको प्रयोग गर्दै विद्यार्थीहरूलाई पालैपालो उठाएर तपाइको घरमा कुन कुन संस्कार गर्छन जस्तै मेरो घरमा न्वारन, वर्तवन्ध, विवाह गर्ने चलन छ नि तिम्रो घरमा ? भनि छलफल गर्ने । - विद्यार्थीहरूबाट प्राप्त भएका जवाफलाई सेतो पार्टीमा शिक्षकले टिप्दै जाने र छलफल विधिको सहायताबाट विषयवस्तुलाई स्पष्ट पार्ने। - प्रदर्शन विधिबाट न्वारन, व्रतबन्ध र विवाह गरिरहेको चित्र वा पोष्टरको वा भिडियो प्रदर्शन गर्दै तपाइहरूले चित्रमा के देखिराख्नु भएको छ? भन्दै छलफल गर्ने	न्वारान, वर्तवन्ध, विवाह गरेको सान्दर्भिक फोटो वा भिडियो	- तपाइको घरमा बच्चा जन्मेपछि के संस्कार गरिन्छ? तपाइको घरपरिवारमा कुनकुन संस्कार गरिन्छ? कुनै २ वटा संस्कारको नाम लेख्नुहोस्।	
मेरो दैनिक जीवन	- हात, लुगा, दाँत र कपाल सफा गर्न प्रयोग गरिने स्थानीय वस्तुहरूको नाम बताउन	- सरसफाइका सामग्रीहरू (रिठ्ठा, पिना,टिमुर, सिमालो, आरुको हाँगा, कोइला आदि)	- समुदायमा विद्यार्थीलाई लिएर सरसफाइमा प्रयोग गरिने वस्तुहरूको अवलोकन गराउने - स्थानीय स्तरमा पाइने सरसफाइमा प्रयोग हुने सामग्रीहरूको नाम भन्न	स्थानीय स्तरमा पाइने रिठ्ठा, पिना, टिमुर, सिमालो, आरुको हाँगाहरू	- समुदायमा पाइने कुनै २ वटा सरसफाइका नामहरू केके हुन्? - दाँत माझ्न प्रयोग गरिने स्थानीय वस्तु कुन हो?	२०

			लगाउने र थप साधनका नामहरू शिक्षकले कक्षामा विद्यार्थीलाई बताइ दिने			
	- शरिरलाई विभिन्न दिशामा तन्काउन र झुकाउन	- योग अभयास र कवाज	- शिक्षकले आफ्नो शरिरलाई दायाँबायाँ तल माथि गरि सोहि अनुसार विद्यार्थीलाई गर्न लगाउने - शिक्षकले विद्यार्थी संगसंगै गर्ने - शरिरका अंगहरू तन्काइएका चित्रहरू देखाई सोहि अनुसार शिक्षकको निर्देशनमा विद्यार्थीलाई गर्न लगाउने - शरिरलाई दायाँबायाँ तर्फ तन्काउन लगाउने	शरिर तन्काइका विभिन्न चित्रहरू	- शरिरलाई दायाँबायाँ तल र माथि तन्काउन लगाई अवलोकन गर्ने	
	- योगका आधारभूत क्रियाको अभ्यास गर्न	- योग अभ्यास र कवाज	- शिक्षकले नमस्कार गरि विद्यार्थीलाई नमस्कार गर्न लगाउने - शिक्षकले योगका सामान्य आसन क्रियाका चित्र देखाइ स्वास लिने लामो हाँस्ने आदिको अभ्यास गरि विद्यार्थीलाई अभ्यास गर्न लगाउने	योगका सामान्य आसनका चित्र, पोस्टर आदि	- नमस्कार गरेको अवलोकन गर्ने, विद्यार्थीले योगका क्रिया गरे नगरेको अवलोकन गर्ने	
	- गाउँटोलमा खेलिने	- स्थानीय खेलहरूका	- स्थानीय खेलका विभिन्न	स्थानीय खेलहरूको	- तपाई घरमा साथीसँग	

	विभिन्न स्थानीय खेलका नाम बताउन	नाम (चुङ्गी, रुमाल लुकाउने, लक्कु ढाल, लुक्ने चोर, आराम विश्राम, डण्डिबियो, कबड्डी	नामहरू सेतोपाटीमा लेखी शिक्षकसँग सस्वर वाचन गर्न लगाउने	नामको चार्ट	कुनकुन खेल खेल्नु हुन्छ?	
	- साधारण स्थानीय खेलको सामान्य अभ्यास गर्न	- रुमाल लुकाउने	- विद्यार्थीहरूलाई विद्यालयको चौरमा लगि समुह समुह बनाई पालैपालो खेल खेलाउने - प्रत्येक विद्यार्थीलाई खेलमा सक्रिय सहभागी गराउन उत्प्रेरित गर्ने र विद्यार्थीलाई अभिनय गर्न लगाउने।	रुमाल	- रुमाल खेल कसरी खेल्नुहुन्छ?	
हाम्रो समुदाय	- आफ्नो टोल छिमेकमा बसोबास गर्ने मानिसहरूको थर बताउन - मातृभाषामा आफ्नो गाउँघरमा बोलिने नाताका शब्द बताउन	- आफ्नो टोल छिमेकमा बसोबास गर्ने मानिसहरूका थरहरू: सार्की, लुहार, विश्वकर्मा, जोशी, सिंह, रोकाया, धामी, बोहरा, बुढा, बादी, बुढथापा, कामी, चदारा - आफ्नो मातृभाषामा नाता बुझाउने शब्दहरू: काका, काकी, फूपु, जेठाजु, बौरानी, भदु, देउरानी,	- विद्यार्थीहरूलाई नाम र थर सोध्ने र थर बोर्डमा टिप्ने - टिपोट गरेका शब्द थर हुन् भनि स्पष्ट पारिदिने - विद्यार्थीलाई आफ्नो टोलमा बस्ने मानिसहरूको थर सोधी बोर्डमा टिपोट गर्ने। - छुटेका थरको बारेमा शिक्षकले टोल छिमेकमा बसोबास गर्ने मानिसहरूको थर चार्ट देखाइ स्पष्ट पारिदिने । - आफ्नो घर परिवार छरछिमेकका	विद्यार्थीको टोल छिमेकमा बसोबास गर्ने मानिसहरूका थरहरू र नाताको चार्ट	- विद्यार्थीलाई पालैपालो तलका प्रश्नहरू सोध्ने: - तपिको थर के हो ? - तपाइको छिमेकमा बस्ने साथीको थर के हो ? - कुनै ३ वटा थरको नाम भन्नुहोस ? - निर्देशन अनुसार नाता प्रयोग गरे नगरेको अवलोकन गर्ने।	२०

		जेठानी	व्यक्तिहरूसंगको नाता बुझाउने शब्द शिक्षकले भन्ने र भन्न लगाउने।			
	- आफ्नो छिमेकी परिवार चिन्न।	- मेरो छिमेकी: वल्लो घर, पल्लो घर, छिमेकी परिवारका सदस्यहरू	- विद्यार्थीहरूलाई समूहमा बस्न लगाइ छेउमा बसेका साथी तपाइको छिमेकी हो भनि सम्झाउने - विद्यार्थीलाई आफ्नो नजिक, कस्को घर पर्छ भन्न लगाउने - विद्यार्थीलाई आफ्नो घर नजिकको परिवार तपाइको छिमेकी हुनुहुन्छ भनि बताइदिने		- विद्यार्थीलाई पालैपालो निम्न प्रश्न सोध्ने: - तपाइको कुनै दुई वटा छिमेकी परिवारका सदस्यहरूको नाम भन्नुहोस।	
	- आफ्नो गाउँघरमा सामाजिक काम गरेका व्यक्तिको नाम बताउन	- सामाजिक काम गर्ने व्यक्तिहरू जस्तै गाउँ पालिका अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्षहरू	- छोटो काल्पनिक कथाबाट कक्षा सुरु गरी समाजमा भएका कार्यहरू कसले निर्माण गरे भनेर विद्यार्थीहरूलाई प्रश्न गर्ने - विद्यार्थीहरूको जवाफलाई टिप्दै जाने - विद्यार्थीलाई आफ्नो गाउँघरका महत्वपुर्ण योगदान दिएका व्यक्तिहरू जस्तै विद्यालय, अस्पताल, खानेपानी निर्माण, वृद्धाश्राम, अनाथालय निर्माण तथा सहयोग गरेका व्यक्तिहरूको		- तपाइको गाउँघरमा विद्यालय बनाउने व्यक्तिको नाम के हो ? - तपाइको गाउँघरमा अस्पताल बनाउने व्यक्तिको नाम के हो ?	

			नाम र कामहरूको बारेमा बताई उनिहरूको योगदानको विषयमा जानकारी गराउँदै व्यक्तिको परिचय गराउने।			
हाम्रो वातावरण	- गाउँ टोलको अवस्थिति बारे जानकारी	- मेरो गाउँ टोल छरछिमेक वल्लो घर, पल्लो घर, छिमेकी परिवारका सदस्य	- विद्यार्थीहरूलाई उनीहरूको घर कुन टोलमा पर्छ नाम सोध्ने - सबै विद्यार्थीहरूलाई आफ्नो आफ्नो टोलको नाम भन्न लगाउने - कुनै टोलको चित्र प्रदर्शन गरि डाँडा, वन, खोला, बाटोघाटो, गोरेटो आदि बारे छलफल गर्ने - आफ्नो छिमेकी टोलको बारेमा छलफल गर्ने - गाउँ टोल नजिक रहेका खोला, बेसी आदि अवस्थिति गाउँको कता पर्छन बारे सामान्य छलफल गर्ने	गाउँ टोल झल्किने चित्र	- तपाइको गाउँको नाम के हो ? - तपाइको साथीको गाउँ र टोलको नाम के हो ? - तपाइको घर कुन टोलमा पर्दछ ? - तपाइको घर र टोल नजिक रहेको नदि कता पर्छ ?	२५
	- सामान्य दुर्घटना र यसबाट बच्ने उपायहरू बताउन	- सलाईबाट हुने दुर्घटना चक्कु हँसियाबाट हुने दुर्घटना	- घरमा प्रयोग हुने सलाई, चक्कु जस्ता साधनको प्रयोग बारे प्रश्न गरि छलफल गर्ने - माथि उल्लेखित साधनबाट हुन सक्ने दुर्घटना बारे जानकारी लिने र सही प्रयोग	घरायसी औजारहरूको चित्र तथा यस्ता सामग्रीहरूको दुरुपयोगबाट	- घरमा प्रयोग गरिने औजारहरू के के हुन ? - घरायसी औजारहरूको प्रयोग गर्न नजान्दा आइपर्ने समस्याहरू के के हुन ? - चक्कु प्रयोग गर्न नजान्दा	

			बारे छलफल गर्ने - घरसाधनको चित्र सहित उपयोग र दुरुपयोग बारेमा जानकारी दिइ सजकताका उपायहरू बारे छलफल गर्ने (सलाई, चक्कु जथाभावी नचलाउने बारे जानकारी गर्ने) - कक्षाकोठामा घट्न सक्ने घटना बारे र सजकता अपनाउनु पर्नेमा छलफल गर्ने	घटेका घटनाहरू झल्कने पोष्टर	के हुन्छ ?	
	- घरायसी औजारको नाम बताउन	- घरायसी औजारहरू कोदालो, कुटो, आँसी, बन्चरो	- भान्सा करेसावारी आदि ठाउँमा प्रोग गरिने सामग्रीहरूको नाम भन्न लगाइ छलफल गर्ने - शिक्षकले विभिन्न औजारहरूको चित्र देखाउने र विद्यार्थीहरूलाई नाम र प्रयोग बारे सोध्ने - छलफलको क्रममा आएका औजारहरूको प्रयोग कुन कुन प्रयोजनका लागि प्रयोग गरिन्छन भनि विद्यार्थीहरूलाई नै सोध्ने	घरायसी औजारहरूको चित्र	- यो कुन औजार हो ? भन्नुहोस । (कुनै औजारको चित्र देखाएर सोध्ने) - कोदालो को काम के के हुन ?	
	- भान्सामा प्रयोग गरिने उपयोगी मसला पहिचान	- भान्सामा प्रयोग गरिने मसलाहरू अदुवा,	- स्थानीय ठाउँमा पाइने मासलाहरूको वास्तविक		- तपाइको भान्छामा प्रयोग गरिने मसलाको नाम के के	

	गर्न	बेसार, लसुन, धनियाँ	नमुना देखाइ यी चिजहरू कहाँ र किन प्रयोग गरिन्छ भनि प्रश्नोत्तर गर्ने उनीहरूको जवाफ पश्चात खाना पकाउन कुन कुन सामग्रीहरूको प्रयोग गरिन्छ भनि भन्न लगाउने - विद्यार्थीहरूबाट आएका सामग्रीहरू मध्ये बाट मसलाका नामहरू छुट्याउन लगाउने - यस्ता सामग्रीहरूको किन प्रयोग गरिन्छ र कुन कुनमा प्रयोग गर्ने भनि प्रश्न सोध्ने - अदुवा चियामा राकहेर खाने जस्ता उपयोगिता बारे जानकारी माग्ने र दिने	स्थानीय ठाउँमा पाइने मसलाहरूको वास्तविक नमुना अदुवा, बेसार	हुन ? - चियामा प्रयोग गरिने मसला के के हुन ?	
हाम्रो संस्कृति	- परिवारले मनाउने चाडपर्वहरूको नाम बताउन	- परिवारले मनाउने चाडपर्वहरू (भुवा पर्व, मैजाणो, माघे संक्रान्ती, ढटुवा, बिसु, चैते दशैँ, दशैँ, तिहार, चौदश, पुनी, अनन्त्या)	- शिक्षकले चाडपर्व बनाइरहेको चित्र वा भिडियो विद्यार्थीहरूलाई देखाउने - स्थानीय स्तरमा मनाउने चाडपर्वको नाम विद्यार्थीलाई भन्न लगाउने	चाडपर्व मनाइरहेको चित्र वा भिडियो	- तपाइको गाउँघरमा मनाउने २ वटा चाडपर्व नाम बताउनुहोस्	२२
	- विभिन्न चाडपर्वको अवसरमा लगाइने स्थानीय लुगाहरूको	- विभिन्न चाडपर्व र अवसरमा लगाउने लुगाहरू (दौरा	- शिक्षकले स्थानीय स्तरमा मनाउने चाडपर्वको नाम चित्रको प्रयोग गरि सिकाउने	स्थानीय स्तरका कपडाका चित्रहरू	- चाडपर्वमा लगाउने २ वटा लुगाको नाम भन्नुहोस्	

	नाम बताउन	सुरुवाल, गादो, ऊनी कोट)	- विद्यार्थीहरूलाई विभिन्न चाडपर्वमा लगाउने लुगा र रंगको नाम भन्न लगाउने			
	- समुदायमा रहेका लोकबाजाहरूको पहिचान गर्न	- समुदायमा रहेका लोकबाजाहरू (दमाहा, टेप्पो, बाँसुरी, हुड्को, मादल, मुरली)	- शिक्षकले स्थानीय समुदायमा लोकबाजाहरूको नमुना वा चित्र विद्यार्थीहरूलाई नाम भन्न लगाउने - विद्यार्थीहरूलाई समुदायमा रहेका लोकबाजाहरूको नाम वताउन लगाउने	लोकबाजाको नमुना वा चित्रहरू	- तपाइलाई मनपर्ने कुनै ४ वटा बाजाहरूको नाम भन्नुहोस्	
	- परिवारले पकाउने खानाको परिकारहरूको नाम भन्न	- परिवारले पकाउने खानाको नाम (ढिँडो, जाउलो, खिचडी, पुरी, रोटी, भात, खिर, सेल रोटी)	- परिवारले पकाउने विभिन्न खानाको नाम बताउन लगाउने - शिक्षकले खानाका परिकारका साथै चित्रको प्रयोग गरि विद्यार्थीलाई पढ्न र लेख्न लगाउने	खानाका परिवारका चित्रहरू	- परिवारले पकाउने खानाको परिकार भन्नुहोस्	
	- परिवारका सदस्यले प्रयोग गर्ने गरगहनाको पहिचान गर्न	- परिवारका सदस्यले प्रयोग गर्ने गरगहना ९ फूली, खण्टो, बाली, चाप्की, चुँडा, बाला, कल्ली, नत्थी, पाउजु, तिलहरी, पोत्या, रिङ, चन्द्रमा, किलिप, ढुङ्ग्री फुल)	- विद्यार्थीहरूलाई आफूले लगाएका गरगहनाको नाम भन्न लगाउने र शिक्षकले टिप्ने - विद्यार्थीलाई परिवारका सदस्यले प्रयोग गर्ने गरगहनाको नाम भन्न लगाउने	स्थानीय गरगहनाका चित्र	- हाम्रा गाउँघरमा प्रयोग गरिने कुनै २ वटा गहनाको नाम भन्नुहोस्	
हाम्रो वरपरको	- आफ्नो गाउँटोल	- आफ्नो गाउँटोल	- विद्यार्थीहरूलाई पालैपालो	- धार्मिक स्थलका	- तपाइ कुन ठाउँमा गएर	२३

संसार	भित्रका पूजा गर्ने ठाउँहरूको नाम बताउन	भित्रका विभिन्न धर्म मान्ने मनिसहरूका पूजा पाठ गर्ने ठाउँहरू: मन्दिर, देउताको थान, माणु, थपना, थप्पु	पूजा गर्ने ठाउँहरूको नाम भन्न लगाउने - वालवालिकालाई तपाइको गाउँटोलमा के कासरी पूजा पाठ गरिन्छ सोधपुछ गर्ने - विद्यार्थीबाट आएका उत्तरहरू सेतोपाटीमा नदोहरिने गरि टिप्ने - शिक्षकले आफूले तयार पारेका धार्मिक स्थलहरूको सूची प्रदर्शन गरि सबै धार्मिक स्थलहरूको चित्र सहित जानकारी गराउने - विद्यार्थीहरूलाई थप जानकारी गराउनका लागि भ्रमण तथा अवलोकन कार्य गराउने	नामको सूची र चित्र - चुम्बकिय पाटी वा फ्लाटिन वोर्ड विभिन्न मन्दिरहरूका चित्रहरू	पूजा गर्नुहुन्छ ? - तपाइको गाउँटोलवरपर रहेका कुनै २ वटा मन्दिरहरूको नाम बताउनुहोस ।	
	- आफ्नो समुदाय वरिपरि रहेको वन, जंगल, नदी, तालहरू को नाम बताउन	- मेरो समुदायका नदी मेरो समुदायका वन, निजी वन, नदी नाला, ताल तलैया आदि (बुढीगंगा नदी, रोदीगाढ, घोगालीगाढ	- वालवालिकालाई साना साना समूहमा विभाजन गर्ने - वालवालिकालाई समूहगत रूपमा वरपर रहेका सामुदायिक वन, नदी नाला, ताल तलैयाका नाम पालैपालो भन्न लगाउने - विद्यार्थीबाट आएका उत्तरहरू सेतोपाटीमा नदोहरिने गरि टिप्ने	- समुदायका वन, नदी, नाला, ताल तलैयाका नामको सूची र चित्र - चुम्बकीय पाटी वा फ्लाटिन वोर्ड प्राकृतिक सम्पदाका चित्रहरू	- तपाइको घर नजिकैरहेको वनको नाम के हो ? - तपाइको गाउँबाट नजिक रहेका कुनै २ वटा नदीको नाम बताउनुहोस । - तपाइको नजिक रहेको कुनै एउटा तालको नाम बताउनुहोस ।	

			- शिक्षकले आफुले तयार पारेका वन, नदी, नाला, ताल, तलैयाका नामहरूको सूची प्रदर्शन गरी सबै प्राकृतिक सम्पदाहरूको सचित्र जानकारी गराउनका लागि भ्रमण तथा अवलोकन कार्य गराउने			
	- आफ्नो समुदाय वरिपरि रहेका गुफा, देवल, दरवारहरूको नाम बताउन	- हाम्रा वरपर रहेका गुफा, देवल, दरवारहरू (च्याङ्सेकोट, सप्तकुण्ड गुफा- बगर ४, ताउला बजाउना गुफा, चुथी डाँडा	- वालवालिकालाई साना साना समूहमा विभाजन गर्ने - वालवलिकालाई समूहगत रुपमा वरपर रहेका गुफा, देवल, दरवारका नाम पालैपालो भन्न लगाउने - विद्यार्थीबाट आएका उत्तरहरू नदोहरिने गारि सेतोपाटीमा टिप्ने - शिक्षकले सबै विद्यार्थीका व्यवहारको अवलोकन गरिराख्ने - शिक्षकले आफुले तयार गरेका गुफा, देवल, दरवारका नामहरूको सूची प्रदर्शन गरी सबै ऐतिहासिक सम्पदाहरूको सचित्र जानकारी गराउने - विद्यार्थीहरूलाई थप	- गाउँठाउँमा रहेको गुफा, देवल ल, दरवारहरूको नामको सूची र चित्र - चुम्बकीय पाटी वा फ्लाटिन वोर्ड	- तपाइको घर नजिकै रहेका कुनै २ वटा दरवारको नाम बताउनुहोस । - तपाइको गाउँठाउँमा रहेका कुनै २ वटा गुफाको नाम बताउनुहोस । - तपाइको गाउँटोल नजिक रहेको कुनै एउटा देवलको नाम बताउनुहोस ।	

			जानकारी गराउनका लागि भ्रमण तथा अवलोकन कार्य गराउने			
फलफुल तरकारी र अन्नबाली	- आफ्नो गाउँघरमा पाइने फलफुलहरूको नाम भन्न	- गाउँघरमा पाइने फलफुलहरू सुन्तला, मौसमी, पुलम, केरा, ओखर, नास्पति, कागती, अमिलो, काफल, आरू, गुयला, तिरखुडा, चुत्त्रो, घगारूआदि	- विद्यार्थीहरूलाई आफुले गाउँघरमा देखेका फलफुलहरूको नाम भन्न लगाउने - फलफुलहरूको चित्र देखाइ नाम भन्न लगाउने - चित्र सम्बन्धी छलफल गर्ने	- स्थानीय स्तरमा पाइने फलफुलहरूको चित्र तथा वास्तविक फलफुलहरू	- देहायको प्रश्न विद्यार्थीहरूलाई सोध्ने: - तपाइको गाउँघरमा पाइने कुनै ५ वटा फलफुलहरूको नाम भन्नुहोस ।	१५
	- आफ्नो गाउँघरमा पाइने अन्नबालीहरूको नाम बताउन	- गाउँघरमा पाइने अन्नबालीहरू: गहुँ, मार्से, मकै, कोदो, धान, , कागुनु, चिनु, फापर, जनालो, नर्सालो,उवा, झुमरो, जौ आदि	- विद्यार्थीहरूलाई आफ्नो गाउँघरमा पाइने अन्नबालीहरूको नाम भन्न लगाउने - स्थानीय स्तरमा पाइने अन्नबालीहरूको चित्र देखाइ चिन्न लगाउने - अन्नबालीहरूको नाम र चित्र सम्बन्धी शिक्षक र विद्यार्थी बिच छलफल गर्ने	- स्थानीय स्तरमा पाइने अन्नबालीहरूको वास्तविक नमुना	- तपाइको गाउँघरमा लगाइने कुनै ४ वटा अन्नबालीहरूको नाम भन्नुहोस ।	
	- आफ्नो घरमा पकाइने तरकारीहरूको नाम बताउन	- स्थानीय स्तरमा पाइने तरकारीहरू: आलु, पिडालु, चोतो, रायो, धनिया, मुला, लसुन, भिडा, करेला, रूगासाग, फरन,	- विद्यार्थीहरूलाई आफ्नो गरमा पकाउने तरकारीहरू पालैपालो सोध्ने - समुदायमा पाइने तरकारीहरूको वास्तविक नमुना देखाइ चिन्न लगाउने	- स्थानीय स्तरमा पाइने तरकारीको वास्तविक नमुना	- पालैपालो निम्न प्रश्न सोध्ने: तपाइको घरमा पकाइने तरकारीको नाम भन्नुहोस ।	

		देउली, टुसा, फर्सी, चिचिन्डो, कदु, काँक्रा, काउली, बन्दा, पालुङ्गो, गाँजर, ढोकायो	- वास्तवविक नमुना देखाइ शिक्षक विद्यार्थीबिच छलफल गर्ने			
चरा र जनावर	- आफ्नो घरम पालिने जनावरको नाम बताउन	- मेरो घरमा पालिने जनावरहरू: गाई, भैसी, भेडा, बाख्रा , बल्ल, खच्चर, कुकुर, बिरालो, गधा, घोडा, खच्चर, आदि।	- विद्यार्थीहरूलाई पालैपालो आफ्नो घरमा पालिने जनावरहरूको नाम भन्न लगाउने र शिक्षकले बोर्डमा टिप्नोका साथै छुटेका घरपालुवा जनावरहरूको चित्र देखि नाम बताइ दिने	- गाइ, भैसी, कुकुर, बिरालो को चित्र भएको चार्ट	- घरपालुवा जनावरहरूका चित्रहरू देखाइ प्रत्येक चित्रको पालैपालो नाम भन्न लगाउने - तपाइको घरमा भएका चारवटा जनावरका नाम भन्नुहोस	१०
	- आफ्नो गाउँमा पाइने चराको नाम बताउन	- गाउँघरमा पाइने चराहरू: काग, कुखुरा, हाँस, शैटाल्ला भँगेरा, भेकुणा, घुमथली चिल, लाटीकोसेरो, परेवा, चाखुरा, कालिज, मालुवा, डाँफे, पातीकिट्टो	- विद्यार्थीहरूलाई पालैपालो आफ्नो गाउँ घरमा देखेका चराका नाम भन्न लगाउने र शिक्षकले बोर्डमा टिप्नोका साथै भन्न नसकेका चराहरूको नाम चित्र देखाइ नाम बताउन	- काग, कुखुरा, हाँस, शैटाल्ला, भँगेरा, चिल, लाटिकोसेरो, मालुवा, परेवा लगायतका चराहरूको चित्र भएको फ्लिप चार्ट	- गाउँघरमा हुने चराहरूका चित्रहरू देखाइ प्रत्येक चित्रको पालैपालो नाम भन्न लगाउने - तपाइको गाउँ घरमा भएका चारवटा चराहरूको नाम भन्नुहोस	
हाम्रा क्रियाकलाप	- आफु र आमाबुबाले गर्ने काम बताउन	- मेरो काम: पढ्ने, लेख्ने, कपाल सफा गर्ने - आमाले गर्ने काम - बुबाको काम	- शिक्षकले आफुले गर्ने कामको बारेमा बताउने - विभिन्न काम गरेका चित्राहरू देखाइ विद्यार्थीहरूलाई भन्न	- विभिन्न काम गरेका चित्रहरू	- तपाइले बिद्यालयमा गर्ने काम भन्नुहोस। - तपाइको आमाले गर्ने कुनै २ वटा काम भन्नुहोस - बुबाले गर्ने काम भन्नुहोस	१०

			लगाउने - विभिन्न काम गरेका विद्यार्थीलाई आफुले गर्ने काम भन्न लगाउने - विद्यालयमा गर्ने काम भन्न लगाउने - घरमा गरिने काम भन्न लगाउने - आफ्ना बुबाले गर्ने काम भन्न लगाउने - आमाले घरमा गर्ने कुनै तीनवटा काम भन्न लगाउने		।	
	- आफ्नो परिवारका सदस्यहरू बिरामी हुँदा घरमै गरिने उपचारका क्रियाकलाप बताउन	- चिराइतो सहित तातो पानीको प्रयोग - हल्दी पानीको प्रयोग् - जमाने पानी, मेथी पानी	- आफ्नो घरमा बिरामी भए त्यसलाई निको पार्ने उपाय पालैपालो सोध्ने - विद्यार्थीले भनेका कुराहरू टिप्दै जाने - थप उपायहरू विद्यार्थीलाई शिक्षकले जानकारी गर्ने		- घरमा बिमारी भए के कस्ता क्रियाकलाप गरिन्छन ? - घरमा गरिने कुनै २ वटा उपचारका क्रियाकलाप भन्नुहोस ।	
	- आफ्नो घरमा विभिन्न काममा प्रयोग हुने वस्तुहरूको नाम बताउन	- कापी, कलम, काँगियो, हँसिया, हलो, कुटो, कोदालो, ओदान, डोको, कुरू, सुप्पो, ढोकिले, खारे, मइ, जु, आँसी, बाउसो, बन्चरो, सब्बल, घन	- शिक्षकले कलम देखाएर त्यसको नाम सोध्ने - विद्यार्थीको झोलामा भएका वस्तुहरू भन्न लगाउने - विभिन्न वस्तुहरू भएको चित्रहरू देखाइ विद्यार्थीहरूलाई नाम भन्न	- हँसिया, हलो, कोदालो, कुटो, ओदान, डोको आदिका चित्रहरू	- तपाइको झोलाम भएका कुनै ५ वटा वस्तुहरू भन्नुहोस । - डोको के बाट बनाइन्छ ? - तपाइको घरमा विभिन्न काममम प्रयोग गरिने कुनै ५ वटा वस्तुको नाम भन्नुहोस	

			लगाउने - खेतबारीमा प्रयोग हुने बस्तुहरू भन्न लगाउने			

कक्षा २						
विषय क्षेत्र (थिम)	सिकाइ उपलब्धी	विषयवस्तुको विस्तृतिकरण	शिक्षण सिकाइ क्रियाकलाप	शैक्षणिक सामग्री	मूल्याङ्कन	कार्यघण्टा
म र मेरो परिवार	- परिवारका सदस्यहरूको स्थानीय भाषामा नातागत शब्दको प्रयोग गरि परिचय दिन - आफ्नो परिवार समुदायमा बोलिने नातागत शब्दहरूको सूची बनाउन	- परिवार (एकल र संयक्त परिवार) का सदस्यहरू	- परिवारिक नाता झल्किने चित्रहरू (संयुक्त र एकल) प्रदर्शन गर्दै स्थानीय भाषमा नाता प्रष्ट हुने गरि छलफल गर्ने - शैक्षिक सामग्रीको रुपमा निर्माण गरिएको भिडियो प्रदर्शन गरि शिक्षकले सहजिकरण गर्ने - विद्यार्थीहरूलाई विभिन्न समूहमा विभाजन गरि आफ्नो परिवार र समुदायमा प्रयोग गरिने नातागत शब्दहरूको सूची तयार पार्न लगाउने	स्थानीय भाषामा स्पस्ट नाता झल्किने गरि बनाएको एकल र संयुक्त परिवारको चित्र र परिवारको नाता खुल्ने गरि बनाइएको भिडियो	तपाइको परिवार समुदायमा बोलिने नातागत कुनै १२ वटा शब्द लेख्नुहोस्	१५
	- स्थानीय आदरार्थी शब्दको सुची बनाउन	- परिवारमा बोलिने नातागत स्थानीय शब्दहरू : तिमी, हजुर, बक्स्योस, इस्यो, धन्यवाद, स्यावास, तमी, धेक्याभई, तपाई, आदि	- शिक्षकको सहायताबाट विभिन्न उदाहरणकको प्रयोग गरि बालबालिकाहजरूलाई आफूभन्दा ठुला व्यक्तिहरूसंग बोल्दा सम्मानतापूर्वक तरिकाले बोल्नुपर्छ। जस्तै ; आमा, आइबक्स्योस वा आउनुहोस्, आइस्यो, ... अनि आफूभन्दा सानालाई आउ बाबु, नानि, आइस्यो, आउनुहोस्..... भनि सम्बोधन गर्नुपर्छ	आदरार्थ शब्दहरूको सूची तयार पारिएको चार्ट	- तपाइको परिवार र समुदायमा आफभन्दा ठुला वा सानालाई सम्बोधन गर्दा प्रयोग गर्ने आदारार्थी शब्दको सूची बनाउनुहोस।	

			भनेर रमाइलो तरिकाले बताइदिने। - विद्यार्थीहरूलाई प्रश्न गर्दै तपाइ आफू भन्दा ठुला र सानालाई कासरी सम्बोधन गर्नु हुन्छ भनि प्रशन गर्दै शिक्षकले उक्त जवाफ कालो वा सेतो पाटीमा टिपेर अन्तमातपापले भनेको ठीक छ यसै गरि घरमा पनि यस्तै शब्दहरूको प्रयोग गरी व्यवहार गर्नु भनि सिकाउने । - आफ्नि परिवार वा समुदायमा प्रयोग गरिने आदरारथी शब्दको सूची बनाउन लगाउने र आवश्यकता अनुसार शिक्षकले सहजिकरण गर्ने ।			
	- आफ्नो छरछिमेकमा गरिने कुनै चार वटा मुख्या संस्कारको नाम भन्न	न्वारन, वर्तवन्ध, विवाह, मृत्यु	- शैक्षणिक सामग्रीको प्रदर्शन गर्दै छरछिमेकमा प्रचलनमा रहेका विभिन्न संस्कारहरूको बारेमा छलफल गर्ने । - विभिन्न समुहमा विभाजन गरि आफ्नो छरछिमेक प्रचलनमा रहेका कुनै ४ वटा संस्कार पहिचान गर्न लगाउने ।	विद्यालयको सेवा क्षेत्र भित्र प्रचलन रहेका संस्कारहरू उल्लेख गरिएको चार्ट पेपर	- तपाइको छरछिमेकमा प्रचलनमा रहेका कुनै ४ वटा संस्कारका नाम भन्नुहोस ।	
मेरो दैनिक जीवन	- हात, लुगा, दाँत र कपाल सफा गर्न प्रयोग गरिने स्थानीय वस्तुहरूको नाम बताउन	- सरसफाइका सामग्रीहरू (रिठ्ठा, पिना,टिमुर, सिमालो, आरुको हाँगा, कोइला आदि)	- समुदायमा विद्यार्थीलाई लिएर सरसफाइमा प्रयोग गरिने वस्तुहरूको अवलोकन गराउने - रिठा, टिमुर, सिमालो, पिना, आरू जस्ता स्थानीय स्तरमा पाइने सरसफाइमा प्रयोग हुने सामग्रीहरूको परिचय दिई यी बस्तुहरू तपाइको समुदायमा के कस्तो अवस्थामा छन	स्थानीय स्तरमा पाइने रिठ्ठा, पिना, टिमुर, सिमालो, आरुको हाँगाहरू देखाउने	- स्थानीय स्तरमा पाइने सरसफाइका सामानहरू के के हुन ? - लुगा धुनको लागि कुन कुन स्थानीय सामानको प्रयोग गरिन्छ ? - दाँत माझ्न प्रयोग गरिने	२०

			सोधी सूची तयार पार्ने।		- स्थानीय बस्तु कुन हो ? - दाँत माझ्नको लागि टिमुरको हाँगा वा पात मध्ये कुन प्रयोग गरिन्छ ? - सरसफाइका स्थानीय सामग्रीहरूको परिचय दिनुहोस।	
	- योगको सामान्य अभ्यास गर्न	- योग अभ्यास	- योगका विभिन्न आसनका चित्रहारु प्रदर्शन गरि सोहि नुसार गर्न लगाउने - शिक्षकले योगका विभिन्नआसन जस्तै शिशुआसन, पुतली आसन जस्ता योग आसन गरि विद्यार्थीलाई समुहमा गर्न लगाउने - विद्यार्थी शिक्षकले योगका विभिन्न आसन संगसंगै अभ्यास गर्ने र पछि विद्यार्थीलाई मात्र गर्न लगाउने	सामान्य योग गरिएका नाम सहितका योगआसनका चित्रहरू	- सामान्य योग आसन गर्न लगाई लगाई अवलोकन गर्ने	
	- विद्यालयमा गरिने कवाजका नियमहरू पालन गरि कवाज गर्न	- कवाज	सिटी र मादलको तालमा सामान्य कवाजशिक्षको निर्देशनमा विद्यार्थीलाई गर्न लगाउने	सिटी, मादल	- विद्यार्थीलाई सामान्य कवाज गर्न लगाई नियम अनुसार गरे नगरेको अवलोकन गर्ने।	

	- साधारण स्थानीय खेलको निर्देशन अनुसार अभ्यास गर्ने।	- स्थानीय खेलहरूका नाम (चुङ्गी, रुमाल लुकाउने, फिट्टु, लुक्ने चोर, आराम विश्राम, खोपी आदि)	- रुमाल, चुंङ्गी आदिको प्रयोग गरि विद्यार्थीलाई आ-आफ्नो गाउँ घरमा खेलिने खेलहरूको नियम बनाई सोही अनुसार शिक्षकको निर्देशनमा खेल्न लगाउने। - फिट्टु खेलको लागि आवश्यक बल र ढुङ्गाहरू विद्यार्थीलाई उपलब्ध गराई शिक्षकको निर्देशनमा खेल्न लगाउने।	रुमाल, चुङ्गी रवर ब्याण्ड, फिट्टु बनाउन प्रयोग गरिने नौलो ढुङ्गा र बल	- रुमाल लुकाउने खेल खेल्न लगाई नियम अनुसार खेले नखेलेको अवलोकन गर्ने।	
हाम्रो समुदाय	- आफ्नो टोल छिमेकमा बसोबास गर्ने जातजातातिको सूची बनाउन।	- आफ्नो टोल छिमेकमा बसोबास गर्ने मानिसहरूका थरहरू: सार्की, आफ्नो टोल छिमेकमा बसोबास गर्ने मानिसहरूका जातजाति (बाहुन, क्षेत्री, बैस्य, शुद्र): दमाइ, सार्की, लुहार, विश्वकर्मा, जोशी, जैशी, सिंह, रोकाया, धामी, बोहरा, बुढा, बादी, बुढथापा, कामी, चदारा, चँदारा	- विद्यार्थीहरूलाई नाम र थर सोध्ने र थर बोर्डमा टिप्ने - टिपोट गरेका शब्द थर हुन् भनि स्पष्ट पारिदिने - विद्यार्थीहरूलाई आफ्नो थर भन्न लगाउने। - कक्षाका अरू साथीहरूको थर लेख्न लगाउने। - विद्यार्थीहरूलाई समूहमा विभाजन गरि आफ्नो टोल छिमेकमा बसोबास गर्ने जातजातिको सूची बनाउन लगाउने। - टोल छिमेकमा बसोबास गर्ने जातजाति लेखएको चार्ट देखाई विद्यार्थीले भन्न छुटएका जातजातिको बारेमा जानकारी दिने।	विद्यार्थीको टोल छिमेकमा बसोबास गर्ने मानिसहरूका थरहरूको चार्ट	- विद्यार्थीलाईनिम्न प्रश्नहरूपालैपालोसोध्ने : - तपाइ टोल छिमेकमा बसोबास गर्ने कुनै ५ जातजातिको सूची बनाउनुहोस।	२०

	- आफ्नो बसोबास गर्ने गाउँ टोलको परिचय दिन।	- आफ्नो गाउँ टोलको नाम, ठेगाना	- शिक्षकले आफ्नो नाम र बसोबास गर्ने गाउँ टोलको नाम र ठेगाना भन्ने - विद्यार्थीलाई पालैपालो आफु बसोबास गर्ने गाउँ टोलको नाम भन्न लगाउने - विद्यार्थीलाई आफ्नो गाउँ टोलको नाम र ठेगाना लेख्न लगाउने	वडाको नक्सा	- विद्यार्थीलाई देहायका प्रश्न सोध्ने: - तपाइको पालिकाको नाम के हो ? - तपाइको पालिकामा कति वटा वडा रहेका छन ? - तपाइ कति नं. वडा बस्नुहुन्छ ?	
	- पालिकाको नाम, वडासंख्या र आफू बस्ने वडाको नं. बताउन	- आफू बस्ने वडा नं. पालिकाको नमा बताउन	- विद्यार्थीलाई वडाको नक्सा देखाई शिक्षकले विद्यार्थीहरूलाई आफ्नो वडा नं. सोध्ने - विद्यार्थीलाई आफ्नो पालिकाको नाम भन्न लगाउने - विद्यार्थीलाई पालिका भित्र रहेका वड संख्या कति छन भनि सोध्ने र पालिकामा रहेका जम्मा वडा सङ्ख्या बताइदिने - विद्यार्थीलाई आफ्नो वडाभित्रका डोलहरू सोधी स्पष्ट पार्ने			
	- आफ्नो गाउँघरमा विशिष्ट व्यक्तिहरुको नाम र कामको विवरण बताउन	- सामाजिक काम गर्ने विशिष्ट व्यक्तिहरू जस्तैः स्वच्छ छवी भएको राजनितिज्ञ वुद्धिजिवी समाजसेवी	- विद्यार्थीलाई गाउँ, घर तथा समुदायमा सामाजिक काम गर्नेमानिसको बारेमा दर्साउँदै उनीहरूको कामको प्रंशसा गर्ने र यस्तै खालका काम गर्ने व्यक्तिहरू तपाइको गाउँघरमा छन कि प्रश्न गर्ने र		- तपाइको गाउँघरमा समुदायमा राम्रो काम गर्ने व्यक्ति को को हुनुहुन्छ ? - तपाइको समाजम	

			भन्न लगाउने - विद्यार्थीबाट आएका र अन्या छुटेका व्यक्तित्वको बारेमा विद्यार्थीलाई जानकारी गराउने - विद्यार्थीलाई समुहमा विभाजन गरि सामाजिक काम गरेका व्यक्ति र कामको बारेमा छलफल गरि समुहमा प्रस्तुत गर्न लगाउने।		मानिसहरूले के कस्ता राम्रा कामहरू गरेका छन ? कुनै ५ वटा कामहरू लेख्नुहोस।	
हाम्रो वातावरण	- आफ्नो वडा नं. भन्न र वडाभित्र रहेका गाउँटोलको सूची तयार गर्न आफ्नो वडाको भौगोलिक अवस्थाको सामान्य जानकारी दिन	- मेरो वडा नं.वडा भौगोलिक अवस्था वडामा रहेका डाँडा नदी, खोला, हावापानी, बाटोघाटो, गोरटो – बुढीगंगा, घोघाली गाढ,रौदी गाढ, गल्छडा छहरा, इन्द्रेणी झरना आदि	- आफ्नो वडा नं. भन्न लगाउने - डाँडा पाखा गाउँ टोल देखि कता पर्छन जस्ता प्रश्न गरि वडाको भौगोलिक पहिचान बारे जानकारी गराउने - वडाको मानचित्रको सहायताले प्रश्नोत्तर विधिको प्रयोग गरि भौगोलिकता र हावापानी, बाटोघाटो, गोरेटो बारे सोधुछ गर्ने	वडाको मानचित्र	- तपाइको टोलको नाम के हो ? - तपाइको वडामा रहेको मुख्यखोलाको नाम के हो ? - तपाइको घर कुन टोलमा पर्दछ ? - तपाइको गाउँघरमान्यानो र चिसो दुबै हुन्छ ?	२२
	- आफ्नो वडाको भौगोलिक अवस्थाको सामान्य जानकारी दिन	- वडा नं. र वडाको परिचय र जानकारी	- विद्यार्थीहरूलाई उनीहरूको टोलको नाम भन्न लगाइ वडा नं. सहित पहाड होचो अग्लो भागको नाम बारे छलफल गर्ने - वडा भित्र रहेका टोलको नमा लेख्न लगाउन र टोलको सामान्य जानकारी भन्न लगाई वडाको जानकारी तर्फ	वडाको मानचित्र	- तपा'को वडाको नं. कति हो ? - तपाइको वडा कुन कुन टोल मिलि बनेको छ ?	

			केन्द्रित गर्ने - वडाको मानचित्रको प्रयोग गरि वडामा रहेका डाँडा बेसी खोला जंगल बारेमा छलफल गर्ने			
३ स्थानिय पेसा व्यवसाय तथा प्रविधि र जलबायू परिवर्तन	१ सुन्तला खेति र मौरिपालन को जानकारी प्राप्त गरी उक्त व्यवसाय अवलम्बन गर्न । १ जलवायु	• सुन्तला खेति र मौरीपालन • जलवायु मैत्री कृषिको परिभाषा बताउन • जलवायु मैत्री कृषिका	• सुन्तला खेतिको परिचय परजाती र सुन्तलाको उपयोग • मौरीपालनको परिचय (मौरीका प्रकार घारको सुरक्षा) र	१. गौमुलको सुन्तला खेतिको अवलोकन गरी उक्त सुन्तला खेतिका वारेमा जानकारि लिदै परियोजना कार्य गर्ने । २. मौरीपालनको परीचय र फाइदा र महको उपयोगिताबारे समुहगत छलफल गरी शिक्षकले व्याख्या गरिदिने । ३. जलवायु मैत्री कृषि प्रविधिको बर्गिकरण जस्तै पानि मैत्री (पोखरी निर्माण, आकासे पानि संकलन, थोपा सिचाई प्रविधि, हिउ संकलन पोखरी, आदि), ४. बिउ मैत्री (सुक्खा तथा खडेरी सहन सक्ने रैथाने बालिका जातको छनौट, रोग तथा किरा सहन सक्ने जातको	१. शब्द पत्तीहरु र जलबायु परीवर्तन का पोष्टरहरु	१. मौखिक प्रश्नोत्तर गरेर मापन गर्ने । २. छलफल (युगल, सामूहिक) मा सहभागिता गराएर सिकाइको लेखाजोखा गर्ने ३. समूह कार्यमा सक्रियता हेरेर सिकाइको मूल्याङ्कन गर्ने ४. निर्दिष्ट सूचीको प्रस्तुतिगर्न लगाउने र	१२

विषय क्षेत्र	सिकाइ उपलब्धि	विषयवस्तु	विषयवस्तुको विस्तृतीकरण	सिकाइका लागि सम्भाव्य क्रियाकलाप	शैक्षिक सामग्री	मूल्याङ्कन प्रक्रिया	कार्य घण्टा
	मैत्री कृषिको परिभाषा बताउन जलवायु मैत्री कृषिका उद्देस्य बताउन २जलावायुमैत्री कृषिको स्तम्भहरु बताउन ३स्थानीय तहमा जलावायुमैत्रि कृषि प्रविधिको बर्गिकरण तथा उधाहरण बताउन	उद्देस्य बताउन • जलावायु मैत्री कृषि • स्थानीय तहमा जलावायु मैत्रि कृषि प्रविधिको बर्गिकरण तथा उधाहरण हरु	मौरीपालनको फाइदा • महको उपयोगिता • जलवायु मैत्री कृषि प्रविधिको परिचय, तथा उद्देश्यहरु • जलवायु मैत्री कृषिको को बर्गिकरण • जलवायु मैत्री कृषि पद्धतिका प्रकार तथा उदाहरण हरु	छनौट, सामुदायिक बिउ बैंकको, आदि), को उदाहरण बाट स्पस्ट पारिदिने । ५. पोषण मैत्रीः घरबगैचा, जैविक बिसादी जस्तै झोलमल, जैविक मल जस्तै गडयौले मल, कम्पोस्ट मल, आदि, बिद्यालय करेसा बारी,प्रयोग गरी कार्यान्वयन गर्न उत्प्रेरित गर्ने । ६. मौसम मैत्री (बाली पात्रो, प्लास्टिक टनेल, मौसम पूर्वानुमान, बेमौसमी तरकारी खेति, आदि) का बारेमा सामुयिक छलफल गरी विद्यार्थीहरुलाई स्पष्ट पारिदिने ।		त्यसका आधारमा मापन गर्ने । ५. स्थलगत अध्ययन भ्रमण र अवलोकन गर्न लगाइ सिकाइको लेखाजोखा गर्ने । ६. लिखित अभ्यास गर्न लगाएर सिकाइको मापन गर्ने ।	
४. धार्मिक,पर्यटकीय तथा ऐतिहासिक स्थलहरु र	१. गाउँपालिकापालिका का	• धार्मिक ऐतिहासिक तथा पर्यटकीय स्थलहरु	• धार्मिक,पर्यटकीय तथा ऐतिहासिक स्थलहरुको संरक्षण • सामाजिक	१. शिक्षकले गाउँपालिकापालिकाका मुख्य धार्मिकपर्यटकीय तथा ऐतिहासिक स्थलहरुको नाम मेटाकार्डमा लेखेर ल्याउने र हरेक कार्डलाई क्रमशः बोर्डमा राख्दै निम्नलिखित प्रश्नका आधारमा छलफल गर्दै जाने ।	धार्मिकऐतिहासिक तथा पर्यटकीय स्थलहरुका	१. मौखिक प्रश्नोत्तर गरेर मापन गर्ने । २. छलफल (युगल, सामूहिक) मा सहभागिता गराएर सिकाइको	२३

विषय क्षेत्र	सिकाइ उपलब्धि	विषयवस्तु	विषयवस्तुको विस्तृतीकरण	सिकाइका लागि सम्भाव्य क्रियाकलाप	शैक्षिक सामग्री	मूल्याङ्कन प्रक्रिया	कार्य घण्टा
प्रेरणा दायिक व्यक्तीहरु	मुख्य धार्मिक ऐतिहासिक तथा पर्यटकीय स्थलहरुकोसंरक्षणमा सहभागिता जनाउन । २ स्थानीय समाज सेवी तथा प्रेणादायि व्यक्ती	को संरक्षण • सामाजिक व्यक्ति हुन आवश्यक गुणहरु	व्यक्तीहुनका लागि आवश्यक पर्ने गुणहरु	✓ यो स्थान कहाँ पर्छ ? (वडा नं र टोलको नाम) ✓ यहाँ कुन महिनामा मेला वा पूजाको आयोजना गरिन्छ ? ✓ यस सम्बन्धी धार्मिक विश्वासहरु के कस्ता छन् ? ✓ यो स्थानको संरक्षण गर्न किन आवश्यक छ ? ✓ धार्मिक ऐतिहासिक तथा पर्यटकीय क्षेत्रको संरक्षणका उपाहरु के के होलान ? यी माथि उल्लेखित प्रश्नहरु विद्यार्थीहरुलाई शोधि प्राप्त उत्तरहरुलाई समेट्दै शिक्षकले थप प्रस्ट पारिदिने । २. विद्यार्थीहरुको सहभागितामा नगरपालिकामा विभिन्न क्षेत्रमा योगदान गरेका प्रेरणादायि व्यक्तिहरुको सूची तयार गर्ने । ३. तिमीहरुले सुनेका २ जना नाम चलेका मानिसहरुका बारेमा बताउनुहोस् । उनीहरुले भनेका आधारमा २ जनाको नाम सेतो पाटीमा लेख्ने र उनीहरुको नाम किन चल्यो चर्चा गर्ने । ४. समाजमा नाम राख्नका लागि हामीमा के गुण हुन जरुरी छ छलफल गरी सूची तयार गर्ने ।र	फोटा तथा भिडीयो र सामाजिक तथा प्रेरणादायी व्यक्तीको फोटाहरु	लेखाजोखा गर्ने ३. समूह कार्यमा सक्रियता हेरेर सिकाइको मूल्याङ्कन गर्ने ४. निर्दिष्ट सूचीको प्रस्तुतिगर्न लगाउने र त्यसका आधारमा मापन गर्ने । ५. स्थलगत अध्ययन भ्रमण र अवलोकन गर्न लगाइ सिकाइको लेखाजोखा गर्ने । ६. लिखित अभ्यास गर्न लगाएर सिकाइको मापन गर्ने ।	

विषय क्षेत्र	सिकाइ उपलब्धि	विषयवस्तु	विषयवस्तुको विस्तृतीकरण	सिकाइका लागि सम्भाव्य क्रियाकलाप	शैक्षिक सामग्री	मूल्याङ्कन प्रक्रिया	कार्य घण्टा
	को व्यवहार अनुसरण गर्न ।			उक्त व्यक्तीहरुको योगदानको अनुसरण गर्दै सामाजिक व्यक्ती बन्नका लागि विद्यार्थीहरुलाई उत्प्रेरित गराउने ।			
५.स्वास्थ्य,सरसफाइ तथा खेलकुद	१. पोषणका लागि आवश्यक तत्वर त्यसका स्थानीय स्रोतहरु बताउन २. व्यायाम, ध्यान र आसन	• पोषण व्यवस्थापन • योगासनको परिचय, प्रकार र फाइदा • योग, प्रणायाम र आसनको अभ्यास • स्थानीय खेल अभ्यास	• सन्तुलित खानाका लागि आवश्यक तत्वहरु • सन्तुलित खानाका लागि आवश्यक तत्वका स्थानीय स्रोतहरु • व्यायाम (योग प्रणायाम) • स्थानीय खेलहरु	१. शिक्षकले खानामा हुनुपर्ने ६ ओटा तत्वहरु कार्वोहाइट्रेड, प्रोटिन, फ्याट, भिटामिन, मिनिरल र वाटरको शब्दपत्ती तयार गर्ने २. उक्त शब्दपत्तीलाई सेतो पाटीमा टाँस्ने र उक्त तत्वको स्रोत रुपमा हाम्रो गाउँमा के के पाइन्छन् भन्ने प्रश्न क्रमशः ६ ओटै तत्वका स्रोतहरुको सूची बनाउने । ३. जसरी शरीरलाई फुर्तिलो र क्रियाशील बनाउनका लागी शारीरिक व्यायामको आवश्यकता पर्दछ त्यसै गरी हाम्रो सोचलाई पनि क्रियाशील बनाउनका लागि ध्यानको जरुरत हुन्छ भनेर व्याख्या गर्ने ४. विद्यार्थीलाई व्यायाम र क्रमशः अष्टासनको अभ्यास गराउँदै जाने । ५. स्थानीय खेलहरु खेलाउने ।	१. ६ ओटा तत्वहरु (कार्वोहाइट्रेड, प्रोटिन, चिल्लो पदार्थ, भिटामिन, मिनिरल)	१. मौखिक प्रश्नोत्तर गरेर मापन गर्ने । २. छलफल (युगल, सामूहिक) मा सहभागिता गराएर सिकाइको लेखाजोखा गर्ने ३. समूह कार्यमा सक्रियता हेरेर सिकाइको मूल्याङ्कन गर्ने ४. निर्दिष्ट सूचीको प्रस्तुतिगर्न लगाउने र त्यसका आधारमा मापन गर्ने । ५. स्थलगत अध्ययन भ्रमण र अवलोकन गर्न लगाइ सिकाइको लेखाजोखा गर्ने	१५

विषय क्षेत्र	सिकाइ उपलब्धि	विषयवस्तु	विषयवस्तुको विस्तृतीकरण	सिकाइका लागि सम्भाव्य क्रियाकलाप	शैक्षिक सामग्री	मूल्याङ्कन प्रक्रिया	कार्य घण्टा
	को अभ्यास गर्न					। ६. लिखित अभ्यास गर्न लगाएर सिकाइको मापन गर्ने ।	
६. सामाजक कुरीतिरु	१. हाम्रा सामाजिक कुरीतिहरुले समाजमा परेको प्रभावहरु पहिचान गर्न २. सामाजिक कुरीतिहरुको न्यूनीक	• सामाजिक कुरीति न्यूनीकरणका संघ संस्थाहरु र स्थानीय सरकारको भूमिका	• सामाजिक कुरीतिहरु (छाउपडी, छुवाछुत, बोक्सी, कुबत बार्ने, महिला माथि सामाजिक विभेद–) • सामाजिक कुरीतिले समाजमा पारेको प्रभाव • कुरीति अन्त्यका लागि सामाजिक संघ संस्थाहरुको भूमिका	१. सुरुवातमा छउपडी प्रथाका बारेमा डकुमेन्ट्री देखाउने र त्यसले हाम्रो इज्जत प्रतिष्ठामा पारेका असरको चर्चा गर्ने २. सामाजिक कुरीतिहरु के के हुन भनी विद्यार्थीको सहभागितामा कुरीतिको सूची बनाउने । ३. सेतो पाटीमा क्रमश हरेक कुरीतिले समाजमा परेको नकारात्मक प्रभावहरु विद्यार्थीलाई भन्न लगाई त्यसको विश्लेषण गर्ने । ४. सामाजिक कुरीतिले हामीलाई नकारात्मक असर गरेको छ भन्ने निष्कर्ष निकाली त्यसको अन्त्का लागि हामी के गर्न सक्छौ ? भन्ने विषयमा प्रत्येक विद्यार्थीलाई आ-आफ्नो कापीको पानामा लेख्न लगाउने ।यस संग सम्बन्धित सडक नटक, र्याली, बत्तित्वकला, सांस्कृतिक कार्यक्रमको आयोजना गरी विद्यार्थीहरुलाई सक्रिय सहभागि गराउने । ४. विद्यार्थीले लेखेका विचारलाई सङ्क्षेपीकरण गर्दै कुरीति न्यूनीकरणका लागी सामाजिकसंघ	छाउपडी प्रथाका बारेमा डकुमेन्ट्री	१. मौखिक प्रश्नोत्तर गरेर मापन गर्ने । २. छलफल (युगल, सामूहिक) मा सहभागिता गराएर सिकाइको लेखाजोखा गर्ने ३. समूह कार्यमा सक्रियता हेरेर सिकाइको मूल्याङ्कन गर्ने ४. निर्दिष्ट सूचीको प्रस्तुतिगर्न लगाउने र त्यसका आधारमा मापन गर्ने । ५. स्थलगत अध्ययन भ्रमण र अवलोकन गर्न लगाइ सिकाइको लेखाजोखा गर्ने । ६. लिखित अभ्यास गर्न	१५

विषय क्षेत्र	सिकाइ उपलब्धि	विषयवस्तु	विषयवस्तुको विस्तृतीकरण	सिकाइका लागि सम्भाव्य क्रियाकलाप	शैक्षिक सामग्री	मूल्याङ्कन प्रक्रिया	कार्य घण्टा
	रणका सामाजिक संघसंस्थाहरुको भूमिका बताउन			संस्थाहरुको भूमिकाको सूची तयार गर्ने ।		लगाएर सिकाइको मापन गर्ने ।	
७. प्रकोप,तथा विपद्	१. विपद् जोखिम बाट बच्ने उपाय को अवलम्बन गर्न २. विपद् व्यव स्थापन सँग सम्ब	• प्रकोप न्यूनीकरणका क्षेत्रमा काम गर्ने निकायहरुर उनीहरुको भूमिका • विद्यालय सुरक्षा तथा प्रतिकार्य	• पूर्वतयारी (झटपट झोला) पूर्व अभ्यास, प्राथमिक उपचार • महामारी • विपद व्यवस्थापनसँग सम्बन्धित स्थानीय संघ संस्थाहरु र उनीहरुको भूमिका • विद्यालय सुरक्षा तथा प्रतिकार्य	१. स्थानीय विपद्बाट हुन सक्ने क्षतिका बारेमा छलफल गराउने, २. विपद् पूर्वतयारीका लागि विधिहरु अवगत गराउने, जस्तैः झटपट झोला ३. सम्भावित विपद्को पूर्व अभ्यास गराउने । ४. प्राथमिक उपचारका सामग्रीका बारेमा जानकारी गराउने । ५. विपद् व्यवस्थापनमा काम गर्ने विभिन्न निकायहरु जस्तैः प्रहरी, पत्रकार, नेपाल रेडक्रस, स्काउट बाल कल्वनगरपालिका आदिको विपद् व्यवस्थापनमा कस्तो भूमिका हुन्छ भनी छलफल गर्ने । ६. अन्त्यमा विपद् वा महामारीबाट बच्ने केही नमूना अभ्यास गराउने ।	चित्र, पोस्टर, वृत्तचित्र, झटपट झोला, प्राथमिक उपचार का आधारभूत सामग्री	१. मौखिक प्रश्नोत्तर गरेर मापन गर्ने । २. छलफल (युगल, सामूहिक) मा सहभागिता गराएर सिकाइको लेखाजोखा गर्ने ३. समूह कार्यमा सक्रियता हेरेर सिकाइको मूल्याङ्कन गर्ने ४. निर्दिष्ट सूचीको प्रस्तुतिगर्न लगाउने र त्यसका आधारमा मापन गर्ने । ५. स्थलगत अध्ययन भ्रमण	२८

विषय क्षेत्र	सिकाइ उपलब्धि	विषयवस्तु	विषयवस्तुको विस्तृतीकरण	सिकाइका लागि सम्भाव्य क्रियाकलाप	शैक्षिक सामग्री	मूल्याङ्कन प्रक्रिया	कार्य घण्टा
	न्धित स्थानीय संघसंस्थाको पहिचान गर्न ३. विद्यालय सुरक्षा योजनाको महत्व बताउन	योजना • महामारी र त्यसबाट बच्न अनपाउनु पर्ने सावधनीहरु • विपद्बाट बच्नको लागि नमूना अभ्यास	योजना			र अवलोकन गर्न लगाइ सिकाइको लेखाजोखा गर्ने । ६. लिखित अभ्यास गर्न लगाएर सिकाइको मापन गर्ने ।	

१४. सिकाइ सहजीकरण क्रियाकलापः

स्थानीय विषयले स्थानीय सन्दर्भ, आवश्यकता र प्रयोगात्मक पक्षमा आधारित विषयक्षेत्रमाजिज्ञासु गराइ दिगो सिकाइमा सहयोग गर्छ । यस विषयको सिकाइ सहजीकरण प्रक्रियामा निर्धारितविषयवस्तुको सन्तुलित रूपमा छनोट र प्रयोग गर्नु सान्दर्भिक हुने देखिन्छ । विशेषतः गरेर सिक(Learning by doing) को सिद्धान्तअनुसार स्थानीयविषयका सिकाइ सहजीकरण क्रियाकलापलाई अर्थपूर्ण, रुचिकर र प्रभावकारी बनाउन विषयवस्तुको प्रकृतिअनुसारको शिक्षण विधिको छनोट र प्रयोग गर्नुपर्छ।शिक्षण विधिको छनोट गर्दा विद्यार्थीको रुचि, क्षमता, स्तर, उमेर आदिलाई ध्यान दिई विद्यार्थीलाई नैसहभागी गराएर विद्यार्थीकेन्द्रित शिक्षण विधि प्रयोग गरी बढीभन्दा बढी ज्ञान र सिप विकास गराउनुपर्दछ ।शिक्षकले सहयोगीको भूमिका निर्वाह गरी विद्यार्थीलाई स्थानीय विषयक्षेत्रमा केन्द्रित भइ परियोजना कार्य(Project work) का रूपमा सान्दर्भिक क्षेत्रको स्थलगत अध्ययन भ्रमण, सामग्री सङ्कलन, अध्ययन तथाविश्लेषण, सिकाइलाई व्यवहारमा प्रदर्शन, सकारात्मक सोच र आचरणको अनुसरणजस्ता पक्षमा जोडदिन आवश्यक हुन्छ ।

स्थानीय विषय सम्बद्ध सहजीकरण क्रियाकलापहरू सञ्चालन गर्दा विद्यार्थीहरूका पूर्वअनुभव, अवधारणा तथा रहनसहनमा ध्यान दिनुपर्दछ । यो प्रयोगात्मक विषय भएकाले प्रदर्शन, अवलोकन रउपयोगलाई विशेष प्राथमिकतादिनुपर्दछ । सैद्धान्तिक विषयवस्तुको प्रस्तुतिपछि विद्यार्थीहरूलाई यथासम्भवउदाहरण, स्थलगत अध्ययन भ्रमण एवम् प्रयोगात्मक कार्य गर्न लगाउनुपर्दछ ।शिक्षणलाई प्रभावकारी रदिगो बनाउन सहजीकरणको महत्त्वपूर्ण भूमिका हुन्छ । सहजीकरण प्रक्रियाले विद्यार्थीमा समझादारी,क्रियात्मक सोचाइ तथा प्रयोगात्मक सिप र अभिवृत्तिको विकास गर्दछ । त्यसैले कुनै एकाइका लागिविषयवस्तुको प्रकृति हेरेर खास शिक्षण विधि अपनाउनुपर्ने हुन्छ । सिकाइलाई बोधमा मात्र सीमित नराखीपूर्णता प्रदान गर्नका लागि पर्याप्त अवसर दिई सिर्जनात्मक प्रयोगका लागि स्थानान्तरण गर्न सक्नेअवस्थामा पुऱ्याउनुपर्छ । सहजीकरणका क्रममा विद्यालयमा उपलब्ध हुन नसक्ने सामग्री र तिनीहरूकोप्रयोगका सम्बन्धमा सामुदायिक स्रोत र अभिभावकसँग सम्पर्क गर्नुपर्छ । यस्ता स्रोतहरूको प्रयोग गर्दासम्बन्धित ठाउँमा नै लगेर तिनको प्रयोग र सञ्चालित क्रियाकलाप आवश्यकतानुसार प्रदर्शन गर्नुपर्छ ।शिक्षकले कुनै पनि शिक्षण विधि अपनाउनुभन्दा पहिले निम्नलिखित कुरामा ध्यान दिनु राम्रो हुन्छः

(क) विद्यार्थीको बुझ्ने क्षमता र परिपक्वता
(ख) विद्यार्थीमा सिर्जनशील रूपमा विचार गर्ने र सहयोग गर्ने भावना
(ग) स्थानीय स्तरमा उपलब्ध हुने साधनस्रोत
(घ) स्थानीय स्तरमा उपलब्ध हुने स्रोत व्यक्तिहरू

सिकाइ सहजीकरणलाई प्रभावकारी र गुणस्तरीय बनाउन उपयोग गर्न सकिने केही सम्भावित नमुनाविधिहरू तल दिइएका छनः

(क) प्रदर्शन विधि	(ख) छलफल विधि
(ग) प्रश्नोत्तर विधि	(घ) भूमिका अभिनय
(ङ) सामाजिक तथा सांस्कृतिक क्रियाकलाप	(च) अवलोकन भ्रमण
(छ) खोज विधि	(ज) परियोजना विधि
(झ) समस्या समाधान विधि	(ञ) प्रयोग विधि

जुनसुकै क्रियाकलाप गराउँदा पनि विद्यार्थीकेन्द्रित हुनु आवश्यक हुन्छ । यसलाई निम्नानुसार पनि प्रस्तुतगर्न सकिन्छः

(क) आधारभूत शिक्षण विधिः छलफल विधि, प्रश्नोत्तर विधि, अवलोकन विधि, क्षेत्र भ्रमण विधि, प्रदर्शनविधि, खेल विधि, खोज विधि, समस्या समाधान विधि, अभ्यास विधि, जिक्सअ विधि

(ख) अनुसन्धानमा आधारित शिक्षण विधिः कार्यमूलक अनुसन्धान, मामिला अध्ययन, परियोजना कार्य, स्थलगतअध्ययन

(ग) वैकल्पिक शिक्षण विधिःश्रव्यदृश्य विधि, रैथाने विधि, सङ्गीत शिक्षण विधि, कथाकथन विधि, सूचनातथा सञ्चार प्रविधिमा आधारित विधि, Think Pair and Share कक्षाकोठामा सिकाइ सहजीकरण गर्दा विद्यार्थीहरूको सहभागितालाई प्रोत्साहित गर्नुपर्दछ । विद्यार्थीहरूआफैंलाई कुनै कुनै समस्या समाधान गर्न गाह्रो अप्ठ्यारो पर्नसक्छ त्यस्तो अवस्थामा मात्रकमीकमजोरीलाई राम्ररी केलाई अध्ययनरतविद्यार्थीका साथीहरुबाटै सहयोग पुर्याइ समाधानगरिदिनु उचितहुन्छ ।

उल्लिखित शिक्षण विधि प्रयोग गरी सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्दा शिक्षकलेनिम्नानुसारका पक्षमा ध्यान दिनुपर्छः

१. शिक्षकले वार्षिक शिक्षण योजना, एकाइ योजना र दैनिक पाठयोजना बनाएर शिक्षणका लागि तयारहुनुपर्छ ।

२. भोलिपल्ट पढाउने पाठ अघिल्लो दिन नै शिक्षकले पूर्व तयारी गर्नुपर्छ । यसका लागि आवश्यकपर्ने शैक्षिक तथा पाठ्यसामग्री सङ्कलन एवम् आवश्यकतानुसार स्थानीय स्रोतव्यक्ति वा विज्ञसँगसमन्वय र विज्ञ परिचालन गर्नुपर्छ।

३. विद्यार्थीको स्तर, उमेर, रुचि एवम् क्षमता बुझ्नु र तदनुरूप क्रियाकलाप गराउनुपर्छ ।

४. विषयवस्तुमा विद्यार्थीहरूलाई आकर्षण गर्न सरल र क्रमबद्ध तरिका अपनाउनुका साथै उत्प्रेरणा रकौतूहल पनि जगाउनुपर्छ ।

५. अध्यापनमा बढीभन्दा बढी विद्यार्थीलाई संलग्न गराई सिकाइ प्रक्रिया सञ्चालन गर्नुपर्छ ।

६. संस्कार र संस्कृतिसँग सम्बद्ध विषयवस्तुलाई प्रयोगात्मक सिकाइ गर्ने अवसर प्रदान गर्नुपर्छ ।

७. प्रसिद्ध चाडपर्व र संस्कारहरू सिकाउँदा विद्यार्थीहरूलाई सामूहिक अवलोकन भ्रमण एवम् प्रश्नोत्तरमाजोड दिनुपर्छ ।

८. विभिन्न वेवसाइटबाट सामग्री सङ्कलन गरी कक्षामा प्रस्तुत गर्न सकिन्छ । यसका लागि शिक्षक,विद्यार्थी, अभिभावक र अन्य सरोकारवालाहरूको सहयोग लिइ वा दिइ सिकाइ गर्ने अवसर प्रदानगर्नुपर्छ । अभिभावक तथा सरोकारवालालाई सूचना प्रविधि सम्बद्ध सामग्री सही उपयोगतर्फ आकर्षिततथा उत्प्रेरित गर्नुपर्छ ।

९. स्थानीय सम्पदाको फोटो र भिडियो खिचेर कक्षामा प्रदर्शन गर्न सकिन्छ । त्यसका आधारमा छलफलगराउनसकिन्छ । यसका लागि सूचना प्रकाशित वा प्रवाह गरी शिक्षक, विद्यार्थी, अभिभावक र अन्य सरोकारवालाहरूको सहयोग लिनुपर्छ । सङ्ग्रह गरिएका वा उपलब्ध भएका सामग्री पठनपाठनका लागि भनीमागी त्यसको सही सदुपयोग गर्नुपर्छ ।

१०.स्थानीय व्यवसायी, पूजारी, समाजसेवी, कृषकसँग गरेको कुराकानीको भिडियो वा अडियो तयार गरेर कक्षामाप्रस्तुत गर्न सकिन्छ । यसले गर्दा विद्यार्थीलाई परियोजना कार्य गर्न सहजता प्रदान गर्छ । यी कार्यमासंलग्न नभएका विद्यार्थीले पनि साथीको कार्यबाट सहजैसँग विषयवस्तुको बोध गर्न सक्छन् ।

११.स्थानीय साँस्कृतिक गतिविधिहरूको फोटो वा भिडियो खिचेर वा सङ्कलन गरेर कक्षामा प्रदर्शन तथाछलफल गर्न सकिन्छ । यसले गर्दा विद्यार्थीलाई आफ्नो संस्कृति, संस्कारप्रति जिज्ञासु तथा उत्तरदायीबनाउन मदत गर्छ ।

१२. शिक्षकले इन्टरनेटमार्फत सामाजिक सञ्जालहरूबाट सान्दर्भिक सामग्री सङ्कलन गरी प्रयोग गर्नसकिन्छ । यसका लागि गाउँपालिका स्थानीय विषय पढाउने शिक्षकको सञ्जाल बनाईअन्तरक्रिया, सहयोग आदानप्रदान र समरूपता तथा विविधता ल्याउन सहयोग पुग्छ ।

१३.स्थानीय पाठ्यक्रमका विषयवस्तुसँग सम्बन्धित बुँदाहरू, अडियो तथा भिडियो क्लिप्स, फोटो तथाचित्रहरू समावेश गरेर पावरप्वाइन्ट सामग्री तयार गरी कक्षामा प्रदर्शन, छलफल र अभ्यास गराउनसकिन्छ ।

१४.स्थानीय पाठ्यक्रमका विषयवस्तुसँग सम्बन्धित कतिपय सङ्कलित सामग्रीलाई प्रिन्ट गरेर वाफोटोकपी गरेर विद्यार्थीहरूलाई स्वाध्ययन, समूह छलफल र घटना अध्ययन गराउन सकिन्छ ।

१५.विद्यार्थीहरूलाई पनि परियोजना कार्य तथा क्षेत्र भ्रमणका क्रममा यस्ता सामग्रीको सहयोग लिएरजानकारी सङ्कलन गर्न र प्रस्तुतिका लागि स्लाइडहरू तयार पार्न लगाई प्रस्तुत गर्न लगाउन सकिन्छ ।त्यसैगरी विद्यार्थीहरूले परियोजना कार्यका क्रममा सामाजिक सञ्जालहरू, इन्टरनेट तथा रेडियोटेलिभिजनका सामग्रीबाट तथ्य र तथ्याङ्कहरू सङ्कलन गरी प्रतिवेदन तयार पार्न लगाउन सकिन्छ ।

१६.रेडियो, टेलिभिजन तथा अनलाई मिडियामा प्रकाशित र प्रसारित स्थानीय पाठ्यक्रमका विषयवस्तुसँगसम्बन्धित सामग्रीलाई कपी गरेर वा टिपोट गरेर कक्षामा छलफल तथा प्रदर्शन गर्न सकिन्छ ।

१७.स्थानीय पाठ्यक्रमका विषयवस्तुसँग मिल्दो भिडियो क्लिप्स, डकुमेन्ट्रिहरू, चलचित्रहरूलाई पनिसिकाइ सहजीकरणका क्रममा प्रदर्शन गरेर छलफल गर्न सकिन्छ ।

१८.स्थानीय आवश्यकता र सिपका आधारमा सामग्री उत्पादन, स्थानीय बजार र सामग्रीको उपयोगगर्नुपर्छ ।

१९.स्थानीय तहमा उपलब्ध विज्ञ वा बाह्य क्षेत्रबाट आमन्त्रण गरिएको विज्ञ परिचालन गरी सिपगत शिक्षालिने वा दिने गर्नुपर्छ । सबै एउटै शिक्षकले पढाउन खोज्नु हुँदैन । आफूभन्दा अरूको प्रभावकारी हुन्छ,त्यस्ता व्यक्ति झिकाउन सकिन्छ भने विज्ञबाट नै कक्षा सञ्चालन गर्नुपर्छ । विज्ञले लिएको कक्षाकोश्रव्यदृश्य सामग्री निर्माण गरी सबै वितरण गरिदिनुपर्छ ।

२०. सिपगत शिक्षाका विविध कारणले गर्दा थप शैक्षिक प्रगति हुन नसक्ने विद्यार्थी वा दैनिक व्यवहारबाट टाढा रहेका विद्यार्थीले स्थानीय पाठ्यक्रमको कार्यान्वयनबाट प्राप्त आफ्नो सिपगत योग्यताकाआधारमा घरायसी काममा सहयोग गर्ने तथा रोजगार वा स्वरोजगारतर्फ आकर्षित भई स्वावलम्बीनागरिक बन्नेतर्फ उत्साहित गरिदिनुपर्छ ।

सिकाइ सहजीकरणका क्रममा शिक्षकबाट विषयवस्तु प्रधान अन्तरक्रियात्मक प्रस्तुतिसहितको शिक्षण,सिकाइ सहजीकरणका विभिन्न रणनीतिहरू, समालोचनात्मक चिन्तन, एक पिरियडमा सकिने र एकदिनमा पूरा गर्न सकिने स्थानीय लघु भ्रमण, परियोजना कार्य, लिखित कक्षाकार्य, गृहकार्य, समूह कार्य,मौखिक वर्णन, चित्रकला, गायन, अभिनय, विद्यार्थीबाट, सङ्कलन र प्रदर्शन, अनुभवी व्यक्ति,स्रोतव्यक्ति वा अतिथि शिक्षकबाट शिक्षण प्रशिक्षण, नाटकीकरण आदिको अवलम्बन गर्न सकिनेछ ।

१५. मूल्याङ्कन प्रक्रियाः

पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यअनुरूप विद्यार्थीले ज्ञान, सिप तथा अभिवृत्ति प्राप्त गर्न सके वासकेनन् भन्ने कुरा पत्ता लगाउने महत्वपूर्ण संयन्त्र मूल्याङ्कन हो । विद्यार्थीको मूल्याङ्कन गर्दासर्वप्रथम अपेक्षित उद्देश्यलाई ध्यान दिनुर्पछ । उद्देश्यअनुरूप सिकाइको सबै स्तरलाई समेटेरमूल्याङ्कनका साधनहरू विकास गरिनुपर्छ । कक्षा १-३ मा निरन्तर विद्यार्थी मूल्याङ्कनकै आधारमा शतप्रतिशत, कक्षा ४-५ मा ५० प्रतिशत निरन्तर विद्यार्थी मूल्याङ्कन र ५० प्रतिशतआवधिक मूल्याङ्कनका आधारमा र कक्षा ६-७ मा ५० प्रतिशत निरन्तर विद्यार्थी मूल्याङ्कन र५० प्रतिशत आवधिक मूल्याङ्कनका आधारमा ग्रेड निर्धारण गर्नुपर्ने प्रावधान छ । आधारभूततहको पाठ्यक्रममा मूल्याङ्कन विधि, साधन र प्रक्रियामा परिमार्जन भएका स्थानीय पाठ्यक्रममापनि सोही अनुसार मूल्याङ्कन विधि, साधन र प्रक्रिया समावेश गर्नुपर्दछ ।यस विषयमासामान्यतया निर्माणात्मक तथा निर्णयात्मक गरी मूल्याङ्कनका दुई पद्धति अवलम्बन गर्नुपर्छ ।

(अ) निर्माणात्मक मूल्याङ्कनः

विद्यार्थीले के कति सिके भन्ने कुरा पत्ता लगाई नसिकेको भए नसिक्नुको कारण अन्वेषण गरी पुनःसिकाइन्छ । यस्तो मूल्याङ्कन कक्षाकोठामा सिकाइ सहजीकरण क्रियाकलापमै कक्षाकार्य,धार्मिक अनुष्ठान कार्य, गृहकार्य, कक्षा सहभागिता, व्यावहारिक परिवर्तन, हाजिरीका आधारमागरेर अभिलेख राख्नुपर्छ । साथै यसको सिकाइ सहजीकरणका क्रममा आवश्यकतानुसार विद्यार्थीलाईतुरुन्त पृष्ठपोषण दिनुपर्छ र विद्यार्थीमा सुधारको वातावरण तयार गरिदिनुपर्छ । निर्माणात्मकमूल्याङ्कन गर्दा शिक्षकले निम्नानुसारका पक्षमा ध्यान दिनुपर्छः

१. मूल्याङ्कनले मुख्यतः निर्धारित विषयवस्तुको सैद्धान्तिक एवम् प्रयोगात्मक नतिजा देखाउनुपर्छ ।
२. यो प्रयोगात्मक विषय भएकाले यसले मुख्यतः अभ्यास र उत्पादनमा जोड दिनुपर्छ ।
३. शिक्षक वा विद्यालयले आयोजना गर्ने अवलोकन भ्रमणपश्चात् प्रश्नोत्तरका माध्यमले मूल्याङ्कनहुनुपर्छ ।
४. सैद्धान्तिक पक्षलाई जाँच्न यी तरिका अपनाउन सकिने छः
   (क) बहुवैकल्पिक प्रश्न सोधेर
   (ख)ठिक बेठिक छुट्याउन लगाएर
   (ग) हाजिरीजवाफ गराएर
   (घ) कठिन शब्दहरूको अर्थ सोधेर
   (ङ) बोधको आधारमा प्रश्नोत्तर गराएर
   (च) विवरणात्मक प्रश्न गरेर

(आ) निर्णयात्मक मूल्याङ्कनः

पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यअनुरूप विद्यार्थीले ज्ञान, सिप तथा अभिवृत्ति प्राप्त गरेको मूल्याङ्कन गरी त्यसका आधारमा निर्णय गर्ने प्रयोजनार्थ त्यस्तो मूल्याङ्कनलाई निर्णयात्मकमूल्याङ्कन भनिन्छ ।

यस्तो मूल्याङ्कन आवधिक रूपमा गर्ने गरिन्छ । यस विषयमा शैक्षिक सत्रकोअन्त्यमा यस्तो मूल्याङ्कन गर्ने गरिन्छ । कक्षा १ देखि ३ सम्ममा पूर्णतः निर्माणात्मक मूल्याङ्कनलागु हुने व्यवस्था रहेकाले यस मूल्याङ्कनसम्बद्ध अभिलेख पनि निर्माणात्मक मूल्याङ्कनकै आधारमा गर्नुपर्ने छ । कक्षा ४ देखि ८ को हकमा भने तोकिएअनुसारको विशिष्टीकरण तालिकाअनुसारविद्यार्थी मूल्याङ्कन गर्नुपर्ने छ ।

(क) निर्माणात्मक/प्रयोगात्मक परीक्षा

कक्षाः १-३

औसत अङ्क विशिष्टीकरण तालिका

क्र.स.	कार्य विवरण	अङ्कभार
०१.	कक्षामा उपस्थित तथा व्यवहार परिवर्तन	१०
०२.	समूह निर्माण, समूह कार्यमा सहभागिता र प्रस्तुति	१०
०३.	कक्षाकार्य/गृहकार्य	१०
०४.	स्थलगत अध्ययन/परियोजना कार्य/ प्रतिवेदन लेखन	३०
०५.	प्रश्नको उत्तर लेखन/ प्रश्नको मौखिक उत्तर	३०
०६.	रचनात्मक कार्य/अभिनय/नक्सा तथा चित्र लेखन	१०
	जम्मा	**१००

कक्षा ४-८ मा ५०% निरन्तर मूल्याङ्कन पद्धति (निर्माणात्मक पद्धति) र ५०% निर्णयात्मक (वार्षिक परीक्षा)बाट विद्यार्थीको मूल्याङ्कन गरिनेछ । विद्यार्थीलाई कक्षोन्नति निर्माणात्मक र निर्णयात्मक दुवै पद्धतिकाआधारमा गरिने छ । विद्यार्थीहरूको मूल्याङ्कन गर्दा ज्ञान तह (Knowledge Level) मा अति छोटाप्रश्नहरू, बोध तह (Understanding Level) का छोटा प्रश्नहरू र उच्च तह (Higher Abilities) कालामो उत्तर दिनुपर्ने किसिमका प्रश्नहरू समावेश गर्नुपर्ने छ । प्रयोगात्मक क्रियाकलापको मूल्याङ्कन गर्दाअध्ययन भ्रमणको प्रतिवेदन, विभिन्न नमुनाहरू बनाइ प्रस्तुत गर्ने, विषयवस्तुसँग सम्बन्धित रही अभिनयगरेर देखाउने आदि क्रियाकलापहरू सञ्चालन गर्नु पर्नेछ । यसभित्र विषयवस्तुको ज्ञान, बोध, सिप,क्षमता, प्रस्तुतीकरण, व्यवहार परिवर्तन जस्ता पक्षहरू समेट्नुपर्ने छ ।

१६. समय निर्धारणः

आधारभूत तह कक्षा १-३ मा स्थानीय विषयको साप्ताहिक पाठ्यघण्टा ५ हुने छ जसमा १६० घन्टी दिइएकोछ । त्यसै गरी आधारभूत तह कक्षा ४—८ मा स्थानीय विषयको साप्ताहिक ४ पाठ्यभार र १०० पूर्णाङ्ककायम गरी १२८ पाठ्यघण्टी दिइएको छ । प्रत्येक शैक्षिक सत्र वैशाखदेखि सुरु भएर चैत्र मसान्तसम्मकायम रहने छ । प्रचलित शिक्षा ऐन, नियमावली र कार्यविधिबमोजिम प्रत्येक शैक्षिक सत्रमा २२० दिनविद्यालय खुल्ने छ र २०० दिन पठनपाठन हुने छ । प्रत्येक घन्टी एक घण्टाको हुने छ ।

१७. पाठ्यक्रमको कार्यान्वयन प्रक्रियाः

यस पाठ्यक्रमको कार्यान्वयन गर्न प्रधानाध्यापक तथा शिक्षकको भूमिका महत्त्वपूर्ण हुने छ । विद्यार्थीहरूलाईस्थानीय वातावरणको अवलोकन गराइने छ । परियोजना कार्य र प्रतिवेदनको माध्यम अवलम्बन गरिने छ ।स्थानीय समुदायका विज्ञ, बुद्धिजीवी, शिक्षाप्रेमी, समाजसेवी एवम् सम्बन्धित विषय तथा क्षेत्रमा जानकारव्यक्तिहरू स्रोतव्यक्तिका रूपमा रहने छन् । विद्यालयहरूले यस पाठ्यक्रम कार्यान्वयनका क्रममाआवश्यकता र औचित्यअनुसार स्थानीय भाषा, नेपाली भाषा वा अङ्ग्रेजी माध्यम समेत अवलम्बन गर्नसक्नेछन् । विषयवस्तुमा समावेश प्रमुख क्षेत्रस्थलमा अवलोकन भ्रमण गराइने छ । विद्यार्थीहरूकोसमूहकार्य र अन्तरक्रियालाई जोड दिइने छ । पाठ्यक्रममा आधारित भई पाठ्यसामग्रीको विकास गर्नुकासाथै शिक्षकहरूलाई विषयवस्तु तथा सहजीकरण प्रक्रियासम्बन्धी अभिमुखीकरण तालिमको व्यवस्था गरिने छ ।

यस पाठ्यक्रमको कार्यान्वयनका लागि पाठ्यसामग्री लेखन र शिक्षकका लागि थप शिक्षक निर्देशिकासमेतनिर्माण गर्न सकिने छ । पाठ्यक्रममा कार्यान्वयनमा स्थनीय पाठ्यसामग्रीहरूको आवश्यक पर्ने भएकालेशिक्षक,अभिभावक र विद्यार्थीहरू मार्फत स्थानीय शैक्षिक सामग्रीको सङ्कलन र प्रयोग गर्न सकिन्छ ।

१८. पाठ्यक्रम परिमार्जनः

समय परिर्वतनशील हुने भएकाले सूचना तथा सञ्चार प्रविधिमा आएको परिवर्तनसँगै व्यक्ति तथासमुदायको पनि इच्छा, आकाङ्क्षा र आवश्यकताहरू पनि परिवर्तन हुन्छन् । उक्त चाहना तथा आवश्यकताहरूपाठ्यांशमा समावेश हुनुपर्दछ, जसले विद्यार्थीहरूको ज्ञान, सिप र व्यवहारमा सकारात्मक परिवर्तन ल्याउनसकोस् । यसै अनुरूप यो पाठ्यक्रम पनि सामाजिक आवश्यकतालाई सम्बोधन गर्न आवश्यकतानुसारपरिमार्जन हुनेछ । यस क्षेत्रका प्राकृतिक, सामाजिक, सांस्कृतिक, भाषिक र वातावरणीय पक्षहरूको खोज,अनुसन्धान र अध्ययन गरी प्राप्त निष्कर्षलाई यस पाठ्यक्रममा समावेश गर्दै लगिने छ ।

१९. अनुसूचीहरू:

अनुसूची १

विद्यार्थी मूल्याङ्कन/आवधिक परीक्षा योजना र ढाँचा

(क) निर्माणात्मक/प्रयोगात्मक परीक्षा

कक्षा: १-३

औसत अङ्क विशिष्टीकरण तालिका

क्र.स.	कार्य विवरण	अङ्कभार
०१.	कक्षामा उपस्थित तथा व्यवहार परिवर्तन	१०
०२.	समूह निर्माण, समूह कार्यमा सहभागिता र प्रस्तुति	१०
०३.	कक्षाकार्य/ गृहकार्य	१०
०४.	स्थलगत अध्ययन/परियोजना कार्य/प्रतिवेदन लेखन	३०
०५.	प्रश्नको उत्तर लेखन/प्रश्नको मौखिक उत्तर	३०
०६.	रचनात्मक कार्य/अभिनय/नक्सा तथा चित्र लेखन	१०
जम्मा		**१००**

कक्षा: ४-५

आन्तरिक मूल्याङ्कन ढाँचा

क्र.स.	मूल्याङकन पक्ष	अङ्कभार
०१.	सहभागिता कक्षामा उपस्थिति र सिकाइ सहभागिता	४
०२.	मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तर	२०
०३.	प्रयोगात्मक/परियोजना	१६
०४.	त्रैमासिक परीक्षाहरु	१०
	जम्मा	५०

कक्षा: ६-८

आन्तरिक मूल्याङ्कन ढाँचा

क्र.स.	मूल्याङ्कन पक्ष	अङ्कभार
०१.	सहभागिता कक्षामा उपस्थिति र सिकाइ सहभागिता	४
०२.	मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तर	२०
०३.	प्रयोगात्मक/परियोजना	१६
०४.	त्रैमासिक परीक्षाहरु	१०
	जम्मा	५०

(ख) निर्णात्मक(आवधिक) परीक्षा

कक्षाः ४-५

पूर्णाङ्कः ५० **उत्तीर्णाङ्कः अक्षराङ्कमा मूल्याङ्कन गरिने**

समयः १ घण्टा ३० मिनेट

औसत प्रश्न तालिका (तहगत रुपमा)

ज्ञान तह (Knowledge Level)	बोध तह (Understanding Level)	उच्च तह (Higher Abilities)
३०%	४०%	३०%

कक्षा ४-५ को प्रश्नपत्र निर्माण योजना (Specification Grid)

क्षेत्र / प्रश्न	संक्षिप्त उत्तर आउने प्रश्न			छोटो उत्तर आउने प्रश्न			लामो उत्तर आउने प्रश्न			जम्मा प्रश्न संख्या	पूर्णाङ्क
	प्रश्न संख्या	अंक भार	जम्मा अंक	प्रश्न संख्या	अंक भार	जम्मा अंक	प्रश्न संख्या	अंक भार	जम्मा अंक		
१. हाम्रो गाउँपालिका	३	१	३	१	२	२	-	-	-	४	५
२. हाम्रो संस्कृती तथा मूल्य मान्यता	२	१	२	२	२	४	१	३	३	५	९
३. स्थानीय पेसा व्यवासय तथा प्रविधि र जलबायु परिवर्तन	३	१	३	२	२	४	१	३	३	६	१०
४. धार्मिक ऐतिहासिक तथापर्यटकीय स्थलहरु र प्रेरणादायीव्यक्तीहरु	१	१	१	१	२	२	१	३	३	३	६
५. स्वास्थ्य, सरसफाइ तथा खेलकुद	३	१	३	२	२	४	१	३	३	६	१०
६. सामाजिक कुरीतिहरु	२	१	२	१	२	२	-	-	-	३	४
७. प्रकोप, तथा विपद्	१	१	१	१	२	२	१	३	३	३	६
जम्मा	१५	१	१५	१०	२	२०	५	३	१५	३०	५०

नोटः

१. प्रश्न निर्माण गर्दा ज्ञान, बोध र उच्च तह (प्रयोग, विश्लेषण, संश्लेषण र मूल्याङ्कन) का प्रश्नहरूनिर्माण गर्नुपर्दछ ।
२. ज्ञान तहका सबै प्रश्नहरू १ अङ्कका, बोधका २ अङ्कका र उच्चतहमा ३ अङ्कका हुने छन् ।
३. ज्ञान तहका प्रश्नका लागि अति छोटा प्रश्न, बहुवैकल्पिक प्रश्न, खाली ठाउँ भर्ने प्रश्नहरू राख्नुपर्नेछ ।

कक्षा ६—८ को प्रश्नपत्र निर्माण योजना (Specification Grid)

क्षेत्र / प्रश्न	संक्षिप्त उत्तर आउने प्रश्न			छोटो उत्तर आउने प्रश्न			लामो उत्तर आउने प्रश्न			जम्मा प्रश्न संख्या	पूर्णाङ्क
	प्रश्न संख्या	अंक भार	जम्मा अंक	प्रश्न संख्या	अंक भार	जम्मा अंक	प्रश्न संख्या	अंक भार	जम्मा अंक		
१. हाम्रो गाउँपालिका	१	१	१	१	२	२	-	-	-	२	३
२. हाम्रो संस्कृती तथा मूल्य मान्यता	२	१	२	१	२	२	१	४	४	४	८
३. स्थानीय पेसा व्यवासय तथा प्रविधि र जलबायु परिवर्तन	३	१	३	२	२	४	१	४	४	६	११
४. धार्मिक ऐतिहासिक तथा पर्यटकीय स्थलहरु र प्रेरणादायीव्यक्तीहरु	१	१	१	१	२	२	१	४	४	३	७
५. स्वास्थ्य, सरसफाइ तथा खेलकुद	३	१	३	१	२	२	१	४	४	५	९
६. सामाजिक कुरीतिहरु	१	१	१	-	-	-	१	४	४	२	५
७. प्रकोप तथा विपद्	१	१	१	१	२	२	१	४	४	३	७
जम्मा	१२	१	१२	७	२	१४	६	४	२४	२५	५०

नोटः

१. प्रश्न निर्माण गर्दा ज्ञान, बोध र उच्च तह (प्रयोग, विश्लेषण, संश्लेषण र मूल्याङ्कन) का प्रश्नहरूनिर्माण गर्नुपर्दछ ।
२. ज्ञान तहका सबै प्रश्नहरू १ अङ्कका, बोधका २ अङ्कका र उच्चतहमा ४अङ्कका हुने छन् ।
३. ज्ञान तहका प्रश्नका लागि अति छोटा प्रश्न, बहुवैकल्पिक प्रश्न, खाली ठाउँ भर्ने प्रश्नहरू राख्नुपर्ने

आधारभूत तह कक्षा १-३ काविद्यार्थीको मूल्यांकनका सम्भाव्य तरिका तथा साधनहरू

क्र.स.	मूल्यांकनका तरिका	मूल्यांकनका साधनहरू	कैफियत
१	कक्षा सहभागिता	अवलोकन,रुजुसूची,रुब्रिक्स श्रेणीमापन,मौखिक प्रश्न, फाराम, घटना वर्णन	
२	मौखिक कार्य	प्रश्न, चित्र, पठन सामग्री, सन्दर्भ, घटना, श्रव्य तथा दृष्य सामग्री	
३	लिखित कार्य	प्रश्न, छोटा परीक्षा, घटना, सन्दर्भ, पठन सामग्री, श्रव्य तथा दृष्यसामग्री	
४	परियोजना तथाप्रयोगात्मक कार्य	रुजू सूची, रुब्रिक्स र श्रेणी मापन, मौखिक प्रश्न	
५	कार्य सम्पादन तथा प्रदर्शन	अवलोकन, रुजू सूची, रुब्रिक्स वा श्रेणी मापन, मौखिक प्रश्न	
६	सहपाठी मूल्याङ्कन	अवलोकन, रुजू सूची, श्रेणी मापन, फाराम	
७	स्वमूल्याङ्कन	रुजू सूची, श्रेणी मापन, फाराम	
८	अभिभावकको प्रतिक्रिया	रुजू सूची, श्रेणी मापन, फाराम	
९	कुराकानी, छलफल	अवलोकन, रुजू सूची, श्रेणी मापन, फाराम	

विद्यार्थीको सिकाइ उपलब्धी र त्यसको व्याख्या

उपलब्धिस्तर	मापन	उपलब्धिस्तरको सामान्य व्याख्या
कमजोर (Bellow basic)	१	मुख्य सिकाइ उपलब्धि हासिल गर्न नसकेको, सबैजसो सिकाइ उपलब्धिका लागि सुधारात्मक सिकाइ आवश्यक भएको
सामान्य (Basic)	२	मुख्य सिकाइ उपलब्धि आंशिक रूपमा हासिल गरेको तर सुधारात्मक सिकाइ आवश्यक भएको
